# परिच्छेद-एक

## १. अध्ययनको परिचय

### १.१ पृष्ठभूमि

हाम्रो देश नेपाल विश्व मानचित्रमा २६°२२' उत्तरी अक्षांश देखि ३०°२७' उत्तरी अक्षांश सम्म र ८०°४' पूर्वी देशान्तर देखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएर रहेको एशिया महादेशमा अवस्थित सानो भूपरिवेष्ठित राष्ट्र हो । यसको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ ।[१] भूगोलको हिसावले नेपाल सानो भएपनि ऐतिहासिक कला, संस्कृतिको हिसावले विशाल छ । यहाँका मठ, मन्दिर, कला संस्कृति विश्वकै अनुपम नमूना बनेका छन् । प्राचीनकालीन नेपालको इतिहासलाई केलाउँदा नेपाली समाजले धर्मलाई ठूलो महत्त्व दिइएको पाइन्छ । मठ, मन्दिर निर्माण गर्नु, धार्मिक क्रियाकलापमा रम्नु, धार्मिक ग्रन्थहरूको अध्ययन गरी सो अनुसार ऐन, नियम बनाई समाजलाई निर्देशित गर्ने गरिन्थ्यो । कलात्मक देव, देवालयहरू निर्माण गरी सोको वारेमा शिलालेख, ताम्रपत्र आदि तयार पार्ने समेतका कार्य गरिन्थ्यो । प्राचीन नेपाली समाजमा हिन्दु धर्मावलम्वीका अतिरिक्त वौद्ध, इस्लाम, इसाई आदि धर्मावलम्वीहरूको समेत वसोवास थियो । यद्यपि जुनसुकै धर्म मान्ने सम्प्रदाय भएपनि तिनीहरूविच धार्मिक एवं सम्प्रदायिक सहिष्णुता भएको पाइन्छ ।

नेपालमा रहेका मठ, मन्दिर, चैत्य, गुम्बा, चर्च, मस्जिद सबै हाम्रा साझा सम्पत्ति एवं मौलिक पहिचान हुन् । यी सबै विषयवस्तुलाई सानो मेहेनत र समयमा समेट्न सम्भव नभएका कारणबाट यस मन्दिर परिसरको अध्ययन गर्ने जमर्को यहाँ गरिएको छ । नेपालमा धार्मिक, सामाजिक, भौगोलिक, एवं सांस्कृतिक विविधता छ ।[२] यिनै विविधता मध्ये धार्मिक संरचनामा उल्लेख्य भूमिका निर्वाह गर्ने मठ, मन्दिरहरूको बारेमा केन्द्रित रही "श्री गोग्यश्वर महादेव मन्दिर (शिवालय) को सामाजिक तथा साँस्कृतिक प्रभाववारे ऐतिहासिक अध्ययन" शीर्षकमा निर्मल पोखरी गा.वि.स. वडा नं. ८ मा अवस्थित यस गोप्यश्वर महादेव मन्दिर (शिवालय) परिसरले यस क्षेत्रको सामाजिक तथा साँस्कृतिक विषयमा पारेको प्रभावको विविध पक्षँहरूलाई अध्ययनको दायराभित्र समेटी छोटो अध्ययन प्रस्तुत गरिएको छ ।

---

[१] मेचीदेखि महाकालीसम्म भाग तीन (काठमाडौं : श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग २०३१), पृ. २९७ ।

[२] कास्की जिल्ला पार्श्वचित्र २०६७, जि.वि.स., कास्की, पृ.१ ।

## १.२ समस्याको कथन

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चलको कास्की जिल्ला अन्तर्गत निर्मल पोखरी गा.वि.स. वडा नं ८ मा पर्ने श्री गोप्यश्वर महादेव मन्दिर (शिवालय) क्षेत्रको धार्मिक साँस्कृतिक एवं अन्य कुनै पनि विषयमा खोजमूलक अनुसन्धान हुन सकेको छैन । पूर्वमा भरतपोखरी गा.वि.स. पश्चिममा कृस्ती नाच्ने चौर गा.वि.स. दक्षिँणमा स्याङ्गजाको टक्सार गा.वि.स. र उत्तरमा पो.उ.न.पा. १७ मा पर्ने यस मन्दिर बत्तीमुनिको अँध्यारो भने झै कुनै पनि अनुसन्धानकर्ताको नजरमा पर्न नसक्नु विडम्बनाको कुरा हो । निर्मल पोखरी गा.वि.स. र कृस्ति नाच्ने चौर गा.वि.स. का केही भागका श्रद्धालु भक्तजन वाहेक अन्य स्थानमा बस्ने मानिसहरू माझ परिचित नहुनुले यस मन्दिर सम्बन्धी विभिन्न लेख रचनाको अध्ययन अनुसन्धान गरेर एवं विशेष व्यक्तिहरूको अन्तर्वार्ताको माध्यमबाट विविध पक्षँको अध्ययन गरी निम्नलिखित तथ्यहरु प्रकाश पार्नु यस शोधपत्रको समस्या कथन हो ।

- निर्मल पोखरी-८ मा अवस्थित गोप्यश्वर महादेव मन्दिरको ऐतिहासिक तथ्य कस्तो छ ?
- यस मन्दिरले मन्दिर परिसर वरपरको क्षेत्रमा के कस्तो सामाजिक, धार्मिक तथा साँस्कृतिक प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस श्री गोप्यश्वर महादेव (शिवालय) को धार्मिक सामाजिक तथा साँस्कृतिक प्रभाव सम्बन्धी अध्ययनको उद्देश्य बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

- निर्मल पोखरी-८ मा अवस्थित गोप्यश्वर महादेव मन्दिर (शिवालय) को ऐतिहासिक तथ्य खोजी गर्नु ।
- मन्दिर परिसर वरपरको क्षैंत्रमा सामाजिक, धार्मिक तथा साँस्कृतिक पक्षमा पारेको प्रभावको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

कुनै पनि विषयवस्तुको वारेमा अध्ययन अनुसन्धान गर्नु पूर्व त्यसको महत्त्वबारे जान्नु अत्यावश्यक हुन्छ । यस मन्दिरले सामाजिक, धार्मिक एवं सांस्कृतिक रूपमा के के

महत्त्व राख्दछ भन्ने कुराका आधारमा शोधकर्ताले आफ्नो शोधपत्र तयार गर्दछ । यस शोधकार्यको महत्त्व निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) यस शोधकार्यबाट पाठकहरूले निर्मल पोखरी-८ स्थित गोप्यश्वर महादेव मन्दिर (शिवालय) को ऐतिहासिक तथ्यका बारेमा जानकारी पाउने छन् ।

ख) यस शोधकार्यबाट त्यस मन्दिर क्षेत्रसँग सम्बद्ध व्यक्ति, संघ, संस्थाले दिइएका योगदानबारे पाठकहरूलाई जानकारी दिइने छ ।

ग) यस शोधकार्यबाट मन्दिर क्षेत्रले सामाजिक, धार्मिक तथा सांस्कृतिक रूपमा पारेको प्रभावबारे जानकारी पाइने छ ।

घ) यस शोधकार्यबाट त्यस मन्दिर क्षेत्र र वरपरको क्षेत्रको संरक्षँणका लागि त्यहाँका समितिद्वारा गरी आएको पहल र भविष्यमा गर्नुपर्ने कार्ययोजनाबारे सुसुचित गराइने छ ।

ङ) यस शोधकार्यबाट मन्दिरको चिनारी गराई आन्तरिक र वाह्य पर्यटकको गन्तव्यस्थलको रूपमा विकास गराइने छ ।

## १.५ अध्ययनको सीमा

हाम्रो देश नेपाल भौगोलिक हिसाबले सानो भएता पनि धार्मिक, संस्कृति, कला र कौशलका दृष्टिले विशाल छ । धार्मिक एवं ऐतिहासिक परम्परा चालचलन साँच्चिकै जरो गाडेको छ । धार्मिक एवं ऐतिहासिक आस्था र विश्वासका कारण मानसपटलमा अमिट छाप परेको छ । मठमन्दिरलाई कलात्मक ढंगले निर्माण गरी धार्मिक ग्रन्थमा भनिए अनुसार श्लोक, लेख, चित्र लेखन आदि कार्य ऐतिहासिक कालखण्डबाट नै गर्दै आएको पाइन्छ । नेपालको विभिन्न कुनाकाप्चामा छरिएर रहेका देव, देवालय, पुराना भवन हाम्रँ अमुल्य निधि हुन् । नेपालमा रहेका प्राचीन मठ, मन्दिर कला कौशलहरूको अध्ययन अनुसन्धान गरी यथार्थ जानकारी प्रकाशमा ल्याउनु पर्दछ । इतिहासका कुराहरूलाई वर्तमानमा परिचित गराउन सकिएन भने त्यो लोप भएर जान सक्दछ । खोज, अनुसन्धान आदिका कारण कतिपय ऐतिहासिक वस्तुहरू हराएर गएका छन् । तिनको प्रमाणहरू नष्ट भएका छन् । त्यसैले राज्यस्तरबाट नै यस्ता कार्यहरूको थालनी गर्न सके भावी पिँढीले सही सूचना प्राप्त गर्दछन् ।

सबै मठ, मन्दिर उत्तिकै महत्त्वपूर्ण र ऐतिहासिक भएता पनि अध्ययन समय र स्रोतको अभावले सम्भव नहुने भएकाले यस शोधपत्रमा केवल गण्डकी अञ्चल, कास्की जिल्लामा अवस्थित निर्मल पोखरी-८ मा अवस्थित श्री गोप्यश्वर महादेव (शिवालय) को सामाजिक, धार्मिक एवं सांस्कृतिक पक्षको वारेमा अनुसन्धानको विषय बनाइएको छ । यस मन्दिरको स्थलगत अध्ययन, त्यहाँ पाइएका केही पुराना प्रमाणित कागजी दस्तावेज अवलोकन र त्यस क्षेत्र संरक्षँण, विकास निर्माण कार्यका लागि खटिएका प्रमुख व्यक्तिहरूलाई वास्तविक आधार मानेर अध्ययन गर्ने प्रयास गरिएको छ । उपलब्ध प्रमाणहरू वाहेक त्यस क्षैंत्रको फोटो खिचेर पनि अध्ययन कार्यलाई तथ्य परक बनाउने प्रयास गरिएको छ ।

## १.६ पूर्व कार्यको समीक्षा

नेपालमा निर्मित मठ, मन्दिर एवं अन्य मानव निर्मित वस्तुहरू आदिमकालबाट नै निर्माण भएका छन् तर ति निर्मित वस्तुहरू मध्ये धेरै लिखित प्रमाणहरू भेटाउन कठिन छ । ती प्रमाणहरू अर्को निर्मित वस्तुसँग तुलना गरेर, किंवदन्तीका आधार बनाएर समेत प्रमाण जुटाउनुपर्ने वाध्यता पनि छ । धार्मिक, साँस्कृतिक विकासका चरणहरू कालखण्डमा धेरै उथलपुथल भएपनि औपचारिक अध्ययनको अभाव खड्किरहेको छ । नेपाली इतिहास, कला, संस्कृति, धर्म, रीतिरिवाज, विदेशी कलमले लेखिनु र त्यसैलाई नै ऐतिहासिक प्रमाण मान्नुपर्ने विवशता छ ।

यस शोधकार्यले उजागर गर्न खोजेको मन्दिर हालसम्म स्वदेशी एवं विदेशी कुनै पनि अनुसन्धान र अध्ययनदाताको नजरमा परेको खासै भेट्न सकिएन । हिन्दु धर्मावलम्वीहरूका थुप्रै दर्शनीय स्थलहरूको बारेमा थुप्रै लेख रचनाहरू भेटिए तापनि यस मन्दिरको विधान र गा.वि.सको वस्तुगत स्थिति ९र्खीबिनभ एचयार्षभि० , पूजारी बाहेक अन्य वुद्धिजीवीहरू एवं श्रद्धालु भक्तजनहरूको अन्तरवार्ताबाट यसको ऐतिहासिकता खोतल्ने प्रयास गरिएको छ ।

देवेन्द्र वहादुर लामिछाने द्वारा पृथ्वीनारयण क्याम्पस पोखराबाट २०५४ मा प्रकाशित हुने हिस्टोरियामा ताल वाराही मन्दिरको वारेमा उल्लेख गर्नुभएको छ । यसमा केवल तालवाराही मन्दिर को पृष्ठभूमि एवं ऐतिहासिकता बारे उल्लेखित छ ।

विश्व श्रेष्ठ र दिलबहादुर क्षैंत्रीले पोखरा भ्याली अ जियो कल्चर्ल पर्स्पेक्टिभ २००८ मा प्रकाशित पुस्तकमा पोखराको विभिन्न शिव मन्दिरहरू जस्तैः शिव मन्दिर रामघाट

पोखरा, शिव मन्दिर शिवालय मन्दिर रानीपौवा, केदारेश्वर महादेव मन्दिर वैदाम, विश्वनाथ मन्दिर नयाँवजार, सदाशिव मन्दिर ढुङ्गे साँघु आदिको वारेमा उल्लेख गर्नुभएको छ ।

जगमान गुरुङ्गले गण्डकी प्रसवण क्षेत्रका साँस्कृतिक सम्पदामा गण्डकी क्षैत्रका विभिन्न तीर्थस्थलहरू बारे उल्लेख गरेको पाइन्छ ।

कास्की जिल्ला पार्श्वचित्र २०६७ मा सराङकोटको पर्यटकीय स्वरूप अर्मलको (पुरानो घले राजाले राज्य गरेको ठाउँ), धारापानी शिवालय (ढिकुरपोखरी), ठूलीपोखरी (कास्कीकोट), विन्ध्यवासिनी मन्दिर, तालवाराही मन्दिर, भद्रकाली मन्दिर, बौद्ध गुम्वा, शान्ति स्तुप, कास्कीकोट, कालिका गुठी, कुलमण्डल शाह दरवार, पातले छाँगो, महेन्द्र गुफा भलामको हरीहर गुफा, सार्दीखोला नुनिलो तातोपानी, पुरुन्चौरको तम्केल देउराली, गुप्तेश्वर महादेव (छोरेपाटन) आदिको बारेमा उल्लेख गर्नुभएको छ ।

निर्मल पोखरीको संक्षिप्त वस्तुस्थिति २०६७, निर्मल पोखरी गा.वि.स. कास्कीद्वारा प्रकाशित पुस्तकमा गोप्यश्वर महादेश मन्दिर शिवालय, जलदेवी मन्दिर, रामरुद्रा मन्दिर र कोतका बारेमा उल्लेख गरिएको छ । तरपनि पोखरा क्षैत्रका मन्दिर तथा गुठीहरूको बारेमा केही मात्रामा लेख रचनाहरू भए पनि यस महादेव मन्दिरको पूर्ण रुपमा खोज गरी प्रकाशमा नल्याइएकोले यसका विविध पक्षको अध्ययन अनुसन्धान गरिएको हो ।

### १.६.१ अनुसन्धानको ढाँचा

यो अध्ययन मुख्यतः अध्ययन क्षेत्रमा अस्तित्वमा रहेका विभिन्न पद्धतिहरूमा केन्द्रित रहेर अनुसन्धान गरिएको छ । प्रस्तुत अनुसन्धान खोजमूलक र विश्लेषणात्मक नभई सामान्य, यथार्थपरक एवं अध्ययनमूलक अनुसन्धान तथा वर्णनात्मक किसिमको छ । यसका लागि निम्न स्रोतहरूलई आधार मानिएको छ ।

### १.६.२ तथ्याङ्कका स्रोतहरू

#### क) प्राथमिक स्रैत

प्राथमिक स्रोत अन्तर्गत मन्दिरसँग सम्बन्धित पुराना लिखतहरू गुठीका कागजहरू खोजी गरिएको छ । यसका अतिरिक्त मन्दिरका वारेमा जानकार प्रवुद्ध व्यक्तित्व, मन्दिरका पुजारी, सञ्चालक समितिका पदाधिकारी, श्रद्धालुभक्तजन आदिसँग अन्तरवार्ता लिइएको छ । (अन्तरवार्ताका लागि सोधिएका प्रश्नहरु परिशिष्ट ‘ख’ मा हेर्नुहोला ।)

मन्दिरको प्रत्यक्ष दृश्यावलोकन गरी प्राप्त तथ्यहरु समेत उल्लेख गरिएको छ ।

**ख)** **द्वितीय स्रैंत**

यस मठ मन्दिरसँग सम्बन्धित पुस्तकहरू, लेख, रचना, अनुसन्धानलाई सहायक स्रोतका रूपमा संकलन गरी यो शोध पत्र तयार पारिएको छ ।

### १.६.३ तथ्याङ्कको समग्रता र नमूना छनौट विधि

यस अध्ययनको लागि कास्की जिल्ला निर्मल पोखरी गा.वि.स. अन्तर्गतको वडा नं. ८ मा पर्ने श्री गोप्यश्वर महादेव मन्दिर (शिवालय) को ऐतिहासिक, सामाजिक, धार्मिक एवं साँस्कृतिक प्रभाव सम्बन्धी अध्ययनलाई छनौट गरिएको छ । गा.वि.स.मा १०६९ घरधुरी, कुल जनसंख्या ६४१५ छ । मुख्य जाति ब्राह्मण, क्षैत्री, गिरी, मगर, नेवार, घर्ती, कामी, दमाई, सार्की आदि छन् । हिन्दु धर्म मान्ने ६३१६ (९८.४६५) बौद्ध ८५ (१.३२५) र क्रिश्चियन १२ (०.२१५) जना छन् ।[३] यी घरधुरी मध्येबाट प्रत्येक वडाका दुई/दुई जना व्यक्तिहरूको अन्तर्वार्ता लिइएको छ । अन्तरवार्ता लिएका व्यक्तिहरुको नाम परिशिष्ट 'क' मा र अन्तरवार्ताको लागि सोधिएका खुल्ला प्रश्न परिशिष्ट 'ख' मा राखिएको छ । तथ्याङ्कको सङ्कलन नमूना छनौट सम्भावना रहित नमूना छनौट विधिबाट गरिएको छ ।

### १.६.४ तथ्याङ्क संकलनका तरिका

तथ्याङ्क संकलन गर्दा यस मन्दिरका लिखित दस्तावेज मन्दिर सञ्चालक समितिका पदाधिकारीहरू, पूजारी एवं अन्य जानकार व्यक्तिहरूको अन्तरवार्ता परिशिष्ट 'ख' मा उल्लेखित खुल्ला प्रश्नहरुको आधारमा लिइएको छ । मन्दिरको स्थलगत दृश्यावलोकन समेत गरिएको छ ।

---

[३] निर्मल पोखरीको संक्षिप्त वस्तुस्थिति २०६७ निर्मल पोखरी गा.वि.स., कास्की

### १.६.५ तथ्याङ्क विश्लेषण

माथि उल्लेखित क्षैत्रबाट प्राप्त गरिएका प्राथमिक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिकीकरण गरिएको छैन । संख्यात्मक तथ्याङ्कहरूको विश्लेषण कम्प्युटरबाट गरिएको छैन । तथ्याङ्कहरुको विश्लेषण वर्णात्मक तरिकाबाट हातले प्रशोधन गरिएको छ ।

### १.६.६ अध्याय विभाजन

शोधकार्यलाई प्रभावकारी विश्वसनीय र व्यवस्थित तरिकाले प्रस्तुत गर्नका लागि यस अनुसन्धान कार्यलाई जम्मा सात परिच्छेदमा वर्गीकरण गरिएको छ, जसअनुसार परिच्छेद एक मा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको सीमा, पूर्वकार्यको समीक्षँ, अनुसन्धान विधि, अनुसन्धानको ढाँचा, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्कको समग्रता र नमुना छनौट विधि, तथ्याङ्क संकलन तरिका, तथ्याङ्क विश्लेषण, अध्याय विभाजन गरिएको छ । परिच्छेद दुई मा कास्की जिल्लाको भौगोलिक परिचय तथा ऐतिहासिक पृष्ठभूमि, प्राकृतिक विभाजन, भौगोलिक संरचना, भौगोलिक सतह, हावापानी, तापक्रम र वर्षा, प्राकृतिक सम्पदा, ऐतिहासिक धार्मिक तथा साँस्कृतिक स्थल, ऐतिहासिक पृष्ठभूमि र नामाकरण, कास्की जिल्लाको निर्मल पोखरी गा.वि.स. को सामान्य परिचय राखिएको छ । परिच्छेद तिनमा धर्मको परिचय, शैव धर्मको सामान्य परिचय, वैष्णव धर्मको सामान्य परिचय, पशुपति धर्मको सामान्य परिचय, शाक्त धर्मको परिचय, कास्की जिल्लाका धार्मिक स्थलहरूको संक्षिप्त परिचय, निर्मल पोखरी गा.वि.स.का धार्मिक तिर्थस्थलहरू, श्री गोप्यश्वर महादेव मन्दिरको परिचय, नामाकरण, नित्य तथा विशेष पूजा, जनधारण र विश्वास, मन्दिरको बनोट शैली समावेश गरिएको छ । परिच्छेद चारमा श्री गोप्श्वर महादेव मन्दिरको गुठी, नवगठित व्यवस्थापन समितिको विवरण, श्री गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण तथा व्यवस्थापन समितिको गतिविधि, धार्मिक क्रियाकलापहरू, कर्मकाण्डीय क्रियाकलापहरू, विविध क्रियाकलापहरू, गोप्यश्वर महादेव मन्दिर, गुठी संरक्षण र व्यवस्थापन समितिको गुरुयोजना राखिएको छ । परिच्छेद पाँचमा सामाजिक, सांस्कृतिक जीवनमा श्री गोप्यश्वर महादेव मन्दिर क्षेत्रको प्रभाव, सामाजिक एवं साँस्कृतिक प्रभाव, भक्तजनहरूको आगमन, धार्मिक आस्था, आर्थिक प्रभाव, वातावरणीय प्रभाव बारे उल्लेख गरिएको छ । परिच्छेद छमा निष्कर्ष र सुझावहरू राखिएका छन् भने अन्तमा सन्दर्भग्रन्थ सूची, अन्तरवार्ताका लागि सोधिएका खुल्ला प्रश्नहरु, मन्दिरको विधान र फोटाहरू राखिएका छन् ।

# परिच्छेद-दुई

## अध्ययन क्षेत्रको परिचय

### २.१ कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक पृष्ठभूमि

पश्चिमाञ्चल विकास क्षेत्र र गण्डकी अञ्चलको केन्द्रस्थलको रूपमा रहेको कास्की जिल्ला अलौकिक प्राकृतिक सौन्दर्य र आर्थिक तथा सामाजिक विकासको एउटा पवित्र संगमस्थलको रूपमा अवस्थित छ । जिल्लाको सदरमुकाम पोखरा बजारबाट उत्तर तिर देखिने अन्नपूर्ण हिमाली श्रृङ्खला र माछापुच्छ्रेको विहङ्गम दृश्य र पोखरा उपत्यकाको दक्षिणी पश्चिम कुनामा रहेको विशाल फेवाताल, पोखरा बजारकै विचबाट गहिरिएर बगेको सेती गण्डकी यस जिल्लाका प्रसिद्ध एवं आकर्षक प्राकृतिक दृश्यहरूका केही नमूना हुन् ।[४] गण्डकी प्रस्रव क्षैत्रको चौविसे राज्य समूहमा पर्ने कास्की राज्य महत्त्वपूर्ण थियो । कास्कीबाटै लम्जुङ्ग र गोर्खा राज्यको स्थापना भएको हो ।[५] चौबीसे राज्य अन्तर्गतको यो महत्त्वपूर्ण राज्य एउटा शक्तिशाली र ऐतिहासिक स्थानको रूपमा चिनिन्थ्यो । भौगोलिक धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यावरणीय दृष्टिले यसको आफ्नै मौलिक पहिचान छ । यहाँ धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं भौगोलिक विभिन्नता पाइन्छ । चारैतिरबाट डाँडाकाँडाले घेरिएर विचमा पोखरा उपत्यका छ भने माछापुच्छ्रे र अन्नपूर्ण हिमालको मुस्कान र फेवातालमा देखिने छायाँले सबैको मन छोएको छ । सेती नदी, पातले छाँगो, महेन्द्रगुफा, फेवाताल, वेगनास ताल आदि यस जिल्लाका अमूल्य निधि हुन् । वरिपरि देखिने वनजङ्गल र उत्तरी भेगतिर फुल्ने लालीगुराँसले गर्दा कास्की जिल्ला बेहुली जस्तै सिंगारिएको पाइन्छ ।

भौगोलिक दृष्टिले यस जिल्ला जति समृद्ध र मनमोहक छ त्यत्तिकै जातजाति, भाषा, धर्म, रीतिरिवाज आदिका कारणले पनि यसको विशिष्ट पहिचान छ । यहाँ हिन्दु धर्म अन्तर्गतको जात प्रथामा पर्ने वाहुन, क्षेत्री, जोगी, कामी, दमाइ, सार्की आदि जातिहरू छन् । यिनीहरू अधिराज्य व्यापी हिन्दुधर्म र हिन्दु सभ्यताको फैलावटको सिलसिलामा यहाँ फैलिन आएका हुन् । यी जातहरूमा कसैको पनि आफ्नै मौलिक भौगोलिक परिवेश छैन । तर जहाँसम्म गुरुङहरूको उपस्थितिको प्रश्न छ गण्डकी अञ्चलको पहाडी भाग नै यिनीहरूको

---

[४] मेचिदेखि महाकाली भाग ३ (काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग २०३१) पृ. २९७।

[५] ऐजन पूर्ववत टिप्पणी ३ पृ. ३२३।

मूल थलो हो ।[६] गुरुङ, मगर आदि बोलिने भाषा, उनीहरूको भेषभुषा र रोदी एवं घाटु नाचका कारण कास्की जिल्लाको छुट्टै चिनारी छ । भजन, चुड्का, ठाडो भाकाका स्वरलय कास्की जिल्लामा गुञ्जिरहन्छन् । तालबाराही, विन्ध्यवासिनी, महादेव गुफा आदि दर्शनीय स्थानले यस जिल्लाको सौन्दर्यता झन बढाएको छ ।

भौगोलिक तथा साँस्कृतिक विविधताको साथै आकर्षक पर्यावरणको कारण यो जिल्ला विश्वकै पर्यटकहरूको लागि आकर्षकको केन्द्र बन्न पुगेको छ । क्षेत्रफल र जनसंख्याको हिसावले ७५ जिल्लाहरू मध्ये क्रमशः सत्ताइसौं र तेइसौं स्थानमा रहेको यस जिल्लाको सदरमुकाम पोखरा नेपालकै सुन्दर र सफा नगरको रूपमा परिचित छ । [७]

यस जिल्ला २८°०७' उत्तरी अक्षांशदेखि २८°३६' उत्तरी अक्षांशसम्म र ८३°४६' पूर्वी देशान्तरदेखि ८४°१२' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ ।[८] यस जिल्लाको पूर्वमा लम्जुङ र तनहुँ जिल्ला, पश्चिममा स्याङ्गजा र पर्वत जिल्ला रहेको छ भने उत्तरमा मनाङ, म्याग्दी जिल्ला र दक्षिँणमा स्याङ्गजा र तनहुँ जिल्ला रहेका छन् । यसको क्षेत्रफल २०१७ वर्ग कि.मि. छ । औषत लम्वाई करिव ६३ कि.मि. र औषत चौडाइ करिव ५० कि.मि. रहेको छ । यस जिल्लालाई २ नगरपालिका, १३ इलाका र ४ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यस जिल्लाको उचाई समुद्र सतहबाट ४५० मिटर (मादी नदीको किनारदेखि ८०९१ मिटर अन्नपूर्ण हिमाल) रहेको छ भने सदरमुकामको उचाइ समुद्र सतहबाट ७५० मिटर रहेको छ ।[९]

## २.२ प्राकृतिक विभाजन

### २.२.१ भौगोलिक संरचना

मुख्यतः जिल्लाको भू-भाग पहाडी र उच्च हिमाली क्षेत्रमा फैलिएको छ । भौगोलिक संरचनाका आधारमा जिल्लालाई पाँच प्रमुख क्षेत्रमा विभाजन गर्न सकिन्छ ।[१०]

क) उच्च हिमाली पत्रे तथा परिवर्तित चट्टानी क्षेत्र : समुन्द्र सतहदेखि ४००० मि. माथिको वर्षभरि हिउँले ढाकेको भू-भाग यस अन्तर्गत भर्दछ ।

ख) घनपोखरा समूह : यो क्षेत्र अत्यन्त कमजोर भू-बनोट अन्तर्गत पर्दछ । यस क्षेत्रमा :बष्ल ऋभलतचबी त्जचगकत भनिने संवेदनशील भौगोलिक जोर्नीका

---

[६] राजाराम सुवेदी, कास्की राज्यको इतिहास, (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार २०६०) पृ. १२ ।
[७] कास्की जिल्ला पार्श्वचित्र, (जि.वि.स. कास्की २०६७) पृ. १ ।
[८] मेचिदेखि महाकाली भाग ३ (काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, २०३१) पृ.२९७
[९] कास्की जिल्ला पार्श्वचित्र, २०६७, पृ.२ (जि.वि.स. कास्की २०६७) पृ. १ ।
[१०] ऐजन पृ. २ ।

पेटीले जिल्लाको लगभग १५०० देखि २००० मिटरको उचाई क्षेत्रमा पूर्व पश्चिम काटेको छ ।

ग) नाउँडाँडा समूह : यस क्षेत्र घनपोखरा समूहको दक्षिँणमा अवस्थित छ । अति वर्षा हुने हुँदा पहिरो जाने प्रवल सम्भावना छ ।

घ) सेती समूह : यो खासगरी पोखरा उपत्यकामा अवस्थित छ । प्राचीन समयमा माछापुच्छ्रेदेखि उत्तरतर्फको ठूलो हिउँ बाँध ९:यचबष्लष्अ म्क० फुटेर अकस्मात पोखरा उपत्यकामा रोडा र गिटी थुप्रिन गई निर्माण भएको समतल नदीका टार क्षेत्र र गण्डकीका तरा यस समूहमा पर्दछन् ।

ङ) अन्य समूह : यस जिल्लाको दक्षिणी भागमा वर साम्मी, मट्टिखान र पश्चिममा उल्लेरी निर्माण समूह पर्दछ । यहाँ अन्य क्षैंत्रको तुलनामा स्थिर भू-बनोट छ ।

### २.२.२ भू-सतह

यस जिल्लाको भू-संरचनामा जटिल भएको कारण यसको भू-सतह पनि उत्तिकै जटिल छ । भू-सतहको आधारमा जिल्लाको भू-क्षेत्रलाई तिन किसिमबाट बाँड्न सकिन्छ ।[११]

क) उच्च हिमाली क्षेत्र

ख) मध्यवर्ती पहाड तथा डाँडाहरू

ग) पहाडी फेदी तथा मैदानी उपत्यका

### २.२.३ हावापानी

यस जिल्लालाई तापक्रम, वर्षा र मौसमको वितरणका आधारमा निम्न ४ प्रकारका हावापानीको रूपमा विभाजन गरिएको छ ।[१२]

क) हिमाली हावापानी

ख) लेकाली हावापानी

ग) ठण्डा शितोष्ण मनसुनी हावापानी

घ) अर्ध उष्ण हावापानी

---

[११] मेचिदेखि महाकाली भाग ३ (काठमाडौं: श्री ५ को सरकार संचार मन्त्रालय, २०३१) पृ. ३०६ ।

[१२] राजाराम सुवेदी, कास्की राज्यको इतिहास (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार २०६०) पृ. १८

## २.२.४ तापक्रम र वर्षा

यस जिल्लाका होचा भू-भागहरूमा गृष्ममा अधिकतम तामक्रम ३०° सेल्सियस भन्दा माथि रहन्छ भने पहाडी क्षेत्रमा २४° से. वरपर रहन्छ । नेपालको सबैभन्दा बढी वर्षा हुने स्थान कास्कीको लुम्ले काँढेमा पर्दछ । पोखरा उपत्यकाको नजिकमा अग्लो अन्नपूर्ण हिमश्रृङखला रहेकोले जलवायुको अयलमभचचकबतष्यल मा निकै छिटो प्रभाव पार्नुको कारणले यहाँ वर्षा बढी हुन्छ ।[ज्ञघ]

## २.२.५ प्राकृतिक सम्पदा

| | | |
|---|---|---|
| प्रमुख नदीनालाहरू: | | सेती, मादी, मोदी |
| मुख्य खोलाहरू | : | विजयपुर, कोत्रे, काली, सार्दी, हर्पन, फुस्रे, काहुँ, मर्दी, सुइखेत, कमलपोखरी, खास्टेताल, गुँदेताल, वुढुवाताल, स्यार्पुताल |
| कुण्ड | : | शान्ति कुण्ड |
| झरना | : | पातले छाँगो |
| हिमालहरू | : | अन्नपूर्ण प्रथम (८०९१), अन्नपूर्ण दोस्रो (७९३७ मि.), अन्नपूर्ण तेस्रो (७५५५ मि.), अन्नपूर्ण चौंथो (७५२५मि.), अन्नपूर्ण दक्षिण (७२१९ मि.), माछापुच्छ्रे (६९९८ मि.) |

## २.२.६ ऐतिहासिक धार्मिक तथा साँस्कृतिक स्थल

सराङ्गकोटको पर्यटकीय स्वरूप अर्मलाकोट (पुरानो घले राजाले राज्य गरेको ठाउँ) धारापानी शिवालय (ढिकुपोखरी), ठूलीपोखरी (कास्कीकोट), विन्ध्यवासिनी मन्दिर, गोप्यश्वर महादेव मन्दिर (निर्मलपोखरी), तालबाराही, भद्रकाली, बौद्ध गुम्बा, शान्ति स्तुप, कास्कीको कालिका गुठी, कुलमण्डल शाह दरबार, भलामको हरिहर गुफा, गुम्तेश्वर महादेव (छोरेपाटन) आदि ।[ज्ञद्ध] कास्कीमा प्रशस्त किल्ला र कोटहरू भग्नरूपमा छन् । त्यस्ता पुराना समयका अवशेषमध्ये धेरै खोजी गर्न सकिने संभाव्यता रहेको छ ।[ज्ञछ]

---

[१३] कास्की जिल्ला पार्श्वचित्र (जि.वि.स. कास्की, २०६७) पृ.८ ।

[१४] ऐजन पृ. १० ।

[१५] राजाराम सुवेदी, कास्की राज्यको इतिहास (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०) पृ.६० ।

## २.३ ऐतिहासिक पृष्ठभूमि र नामाकरण

क) ऐतिहासिक पृष्ठभूमि :

यस जिल्लामा प्राग ऐतिहासिक काल ९एचभ जष्कतयचष्अ उभचष्यम० देखि नै मानव बसोबास रहेको अनुमान छ । नेपालमा जुन बेला लिच्छवी शासन थियो, त्यतिवेला नेपालको सीमाना वर्तमान नेपाल अधिराज्यको सीमाना सरह नै भएको देखिन्छ । यो कुरा समुद्रगुप्तको पालाको शिलालेख र ह्वेनसँगको वृत्तानतबाट स्पष्ट हुन्छ । त्यसैले वर्तमान कास्की जिल्ला पनि त्यस बेला लिच्छवी शासन अन्तर्गत नै रहेको देखिन आउँछ ।[ज्ञट] नेपालको इतिहासको प्राचीनकालमा कास्की जिल्ला केन्द्रीय अधिनमा रहेको थियो । बाह्रौं शताब्दीसम्म पनि कर्णाली प्रदेशमा खसहरूको प्रभाव फैलिनुपूर्व कास्की केन्द्रकै अधिनमा रहेको थियो । खस मल्लहरूको पतनपछि शाहवंशीय ठकुरी राजाहरूको उदयकालसम्म कास्कीमा गुरुङहरूको शासन रहेको कुरा इतिहासमा उल्लेख गरिएको पाइन्छ ।[ज्ञठ] यथार्थलाई मनन गर्दा नेपालको स्पष्ट ऐतिहासिक काल लिच्छवीकालदेखि सुरु हुन्छ । किनकि लिच्छवी शासक मानदेव प्रथम (सन् ४६५-५०५) को समयदेखि मात्र इतिहासका मूल धारहरू जस्तो शिलालेख, मुद्रा आदि प्रचलनमा ल्याइयो । यिनै आधारहरूको अभावले लिच्छवीहरूभन्दा पहिला शासन व्यवस्था स्थापना गरी राज्य सञ्चालन गर्ने पहिलो श्रेय पाउने गोपाल तथा त्यसपछिका महिषपाल एवं किराँतहरूको इतिहास स्पष्ट हुन सकेको छैन । लिच्छवी शासक मानदेव प्रथमको समयदेखि मात्र नेपालको स्पष्ट ऐतिहासिक कालको सुरुवात भएको भए तापनि माथि उल्लेखित आधारहरूले हाम्रै इतिहासलाई प्रागैतिहासिक कालतिर पनि पुऱ्याएको छ । यस सन्दर्भमा कास्की जिल्लाको ऐतिहासिक परिचयको कुरा गर्दा खासगरी मानव बसोबासको थलको रुपमा प्रागैतिहासिक कालसम्म पुग्न सक्ने आधार वुटवलको तिनाउ नदीको किनारामा प्राप्त रामापिथेकस बनेको छ । यस समयमा पोखरा उपत्यकाको उच्च पहाडी भेकमा मानव बसोबास भएको अनुमान गरिन्छ ।[ज्ञड]

---

[१६] मेचिदेखि महाकाली भाग ३, (काठमाडौं: श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१) पृ.३०९ ।

[१७] कास्की जिल्ला पार्श्वचित्र, (कास्की जि.वि.स., २०६७) पृ.१२ ।

[१८] दिल बहादुर क्षेत्री, सिद्धशक्तिपिठ श्री विन्ध्यावासिनी तथा पोखराको केही मठ मन्दिर (पोखरा: श्री विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति, २०५७) पृ. ५ ।

जहाँसम्म कास्की शाहवंशीय राजाको हात पर्नुभन्दा पहिले गुरुङहरूको शासनको सवाल छ, गुरुङहरूको वाहुल्यता भएको यस क्षैत्रमा उनीहरूको आफ्नै किसिम र स्वभावको थपौंली अर्थात मुख्यौली शासन रहेको हुनुपर्दछ । तर गुरुङहरूको शाहवंशीय शासन जस्तो स्पष्ट रुपमा शासन व्यवस्थाको रुपरेखा आउन सकेको छैन ।[१९]

करिव ईसाको दसदेखि चौधौं शताब्दीको बिचमा पश्चिममा खसिया मल्लहरूको शक्ति बलियो भएको र तिनीहरूको राज्यको इलाका पूर्वमा त्रिशूली गण्डकी, पश्चिम गढवालसम्म फैलिएको हुनाले कास्की त्यतिबेला उक्त मल्ल राजाहरूको शासनाधीन थियो भन्ने कुरा प्रमाणित हुन्छ । तत्पश्चात् काठमाडौंका मल्ल राजाहरूको शक्ति बढ्दै गएको र पश्चिममा खसिया मल्ल राजाहरू शक्तिहीन हुँदै गएको देखिन्छ । यक्ष मल्ल (१४२८-८२ ई.सं.) ले आफ्नो राज्य पश्चिममा पाल्पासम्म विस्तार गरेको हुनाले केही काल यस जिल्ला काठमाडौंका मल्लहरूको अधीनमा रहेको थियो ।[२०]

ख) नामाकरण :

कास्की जिल्लाको नामाकरण सम्बन्धमा ठोस प्रामणिक एवं सर्वमान्य आधार भेटिंदैन तापनि नामाकरण बारेमा केही किंवदन्ती एवं मान्यताहरू पाइन्छ । जसलाई निम्न बमोजिम उल्लेख गरेको पाइन्छ ।[२१]

१. कश्यप ऋषिले कास्कीकोटमा बसी काश्यप संहिता नामक अमूल्य आयुर्वेदिक ग्रन्थ रचना गरेका र कश्यप ऋषिको तपोभूमि रहेका कारण उनैको नामबाट अपभ्रंस भई कास्की रहन गएको ।

२. पहेंलो कपडा लगाउने सन्यासीहरूलाई कासायकी भनिने र त्यस्ता सन्यासीहरूको बसोबास क्षेत्र रहेकाले सोही नामबाट अपभ्रंस भई कास्की नाम रहन गएको हो ।

३. काँसैकाँसको टार र पाटन रहेको कारण कास्की नाम रहन गएको हो ।

---

१९ ऐजन, पृ. ८ ।

२० मेचीदेखि महाकाली भाग ३ (काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, २०३१) पृ.२९७ ।

२१ ऐजन, पृ.४ ।

४. तमु भाषामा कास भन्नाले कछाड 'खिव' भन्नाले लगाउने अर्थात् कछाड लगाउनेहरूको बस्ने ठाउँ भन्ने अर्थमा कास्की नाम रहन गएको हो ।

कास्कीको नामाकरण कश्यप ऋषिसँग सम्बन्धित छ । पहेंलो कपडा लगाउने सन्यासीहरूको बसोबास क्षेत्र हुनाले काषायकी भनिने काँसैकाँसको टार पाटन हुनाले कास्की, काँसो-तामा धाउ मिसाएर एउटा छुट्टै धातु तयार गर्दा कासकुट धातु बन्ने ठाउँ हुनाले, कास्कीमा प्रशस्त पाषाणभेद भन्ने जडीबुटी पाइने हुनाले कासभन्दा कास्की नामाकरण भएका जस्ता आधारहरू छन् ।[22] नेपालको उल्लेख श्रुति, स्मृति पुराण, आयुर्वेद, कौटिल्यको अर्थशास्त्र, प्राचीन अभिलेख, पाण्डुलिपी, कनकपत्र जस्ता स्रोतहरूमा उल्लेख गरिएको छ । हिन्दुहरूको अट्ठारै पुराणमा हिमालयको वर्णन गरिएको छ र भौगोलिक क्षेत्रका हिसावले हेर्दा कास्की जिल्ला वर्तमान नेपालको केन्द्रमा पर्दछ । यसको वर्णन प्राचीन कालमा पनि भएको पाइन्छ । नेपालको मुटुमा पाइने कास्की जिल्लाको अतीत अत्यन्तै आलोकमय थियो । ज्ञान र विद्याको खानीको रूपमा हुनाले कास्की क्षैंत्रलाई साहै्र महत्त्व ठानिन्थ्यो । आजसम्म पनि "विद्या हराए कास्की जानु" भन्ने उखान प्रख्यात नै छ । वैदिक कालमा कश्यप ऋषिले तपस्या गरेको कुटीको अवशेष आज पनि कास्कीकोटमा छ । उनले त्यस कुटीमा बसी विद्या प्राप्त गरेका थिए । नेपालको पोखरा सहरदेखि ११ कि.मि. पश्चिम डाँडामा पर्ने कास्कीकोटमा ऋषि काश्यपले आयुर्वेद ग्रन्थ "काश्यप संहिता" रचना गरेका थिए ।[23]

त्यसैगरी नारायण मन्दिर गणेश स्थान, कास्कीकोट, लाहाचोक, भूमेशीतलादेवी, वाविथाताराका लक्ष्मीनारायण, तिव्रिकोट, सुनाझ्ाँक्री, भैरवस्थान, वडाकोट, रूपाकोट, वायुदेव, विश्वेश्वर महादेव, रूपाकोट वराह ॐ कारेश्वर शिव, थाकभूमे, ठूलाकोटकाली, झ्ुपराउदेवी, वेगनासकोट, नर्मदेश्वर शिव, अमेश्वर, बाटुलेचौरकाली, ढुँगा गडेदेवीथान, खाल्टेका भूमे, सल्यानका सिद्ध, गड्गामकोट, ढावदेवी, पाङदुरकोट आदि आदिकालीन धेरै मठमन्दिरले कास्की इतिहासको प्रतिनिधित्व गर्छन् ।[24] विचित्रखानदेखि सिद्धिनारायण शाह सम्म कास्कीमा ठकुरी शाह वंशको शासन चल्यो । शाह वंशकै अधिनमा चौविसे राज्य अन्तर्गत पर्ने यो राज्य शाहवंशीय राजा श्री ५ पृथ्वीनारायण शाहद्वारा थालिएको एकीकरण

[22] राजाराम सुवेदी, गण्डकी सामाजिक गुठी स्मारिका, २०६५ (काठमाडौं: गण्डकी सामाजिक गुठी,(२०६५) ।
[23] राजाराम सुवेदी कास्की राज्यको इतिहास, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०) पृ. २३ ।
[24] निर्मल शम्शेर राणा, गुठीपति आर्थिक, सामाजिक, धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सर्भेक्षण (काठमाडौं: गुठी संस्थान, २०३५) (३७-१२०) ।

अभियानकै क्रममा वि.सं. १८४२ मा राजेन्द्र लक्ष्मीको नायवीकालमा विशाल नेपालमा विलप भयो । सन् १८४६ को कोतपर्वपछि नेपालमा राणाशासन सुरुवात पश्चात् सन् १८५६ मा जंगबहादुर राणा शक्तिशाली बनी कास्की र लम्जुङ्गको श्री ३ महाराज बन्न पुगे ।[२५]

पन्ध्रौं शताब्दीदेखि गण्डकी प्रस्रवक्षैत्रमा शाह वंशको उदय भयो । सूर्यखानका कान्छा छोरा भिचाखानले नुवाकोट स्थापना गरे । त्यसपछि भीरकोटबाट गह्रौं र ढोर राज्य स्थापना भयो । यसैगरी नुवाकोटबाट कास्की र सातौं राज्य स्थापना भयो । भिचाखानका महिला छोरा जगतिखानले कास्कीका घले राजालाई जितेर त्यहाँ आफ्नो राज्य स्थापना गरे ।[२६] विक्रमको बाह्रौं शताब्दीको आरम्भमा कर्णाली प्रदेशमा सिंजामा चल्ल, मल्ल जस्ता पद भएका खस शासकहरूले विशाल राज्य चलाउन थाले । उनीहरूको प्रभाव समस्त गण्डकी प्रदेशमा मात्र नरही काठमाडौं खाल्टोमा समेत रह्यो ।[२७] यसै सन्दर्भमा इतिहास शिरोमणी बावुराम आचार्यले सतहुँदेखि उत्तर मादीपार गुरुङका बस्ती सुरु भएका र काली पश्चिममा स्थापना भएका पर्वत ठकुराईका राजा डिम्व वमले दख्खल गरिसकेको थिए ।[२८] भिचारखानका अर्को छोरा विचित्र खानले गुरुङको आवादि भएका कास्की प्रदेशमा प्रवेश गरेर दरिलो ठकुराई स्थापना गरेको कुरा उल्लेख गरेका छन् ।

## २.४ कास्की जिल्लाको निर्मल पोखरी गा.वि.स. को सामान्य परिचय

भौगोलिक दृष्टिले निर्मलपोखरी नेपालको मानचित्रमा २८°०७′५१″ उत्तरदेखि २८°१०′२७″ उत्तरी अक्षांश एवं ८३°५७′४६″ पूर्व देखि ८४°०१′३०″ पूर्वी देशान्तरसम्म फैलिएको छ ।[२९] नेपालको पश्चिमाञ्चल विकासक्षेत्र गण्डकी अञ्चलको कास्की जिल्लामा पर्ने यस गा.वि.स. समुन्द्र सतहदेखि ५८० बाट ११६० मि. सम्मको उचाइमा रहेको छ । झण्डै १७.८९ वर्ग कि.मि. (१७८७.५ हेक्टर) क्षेत्रफलमा फैलिएको यस गा.वि.स. मा समशीतोष्ण खालको हावापानी पाइन्छ भने औसत तापक्रम अधिकतम ३३° से. र न्यूनतम ६° से. सम्म पाइन्छ ।

---

[२५] रामकुमार पाण्डे, नेपाल परिचय (काठमाडौं: भुँडीपुराण प्रकाशन २०३८) पृ. १०३ ।

[२६] दिल बहादुर क्षेत्री, सिद्ध शक्ति पीठ, श्री विन्ध्यवासिनी तथा पोखराका केही मठ मन्दिर (पोखरा: विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति, २०५७) पृ. ७ ।

[२७] जगमान गुरुङ, गण्डकी प्रस्रवक्षेत्रको सांस्कृतिक सम्पदा, (पश्चिम विकास मञ्च: काठमाडौं २०६७) पृ. १६ ।

[२८] पूर्ववत पाद टिप्पणी ४ पृ. २ ।

[२९] निर्मल पोखरी गा.वि.स.को संक्षिप्त वस्तुस्थिति २०६७ (निर्मल पोखरी ग.वि.स., कास्की) पृ. ७ ।

नेपाल अधिराज्यको प्रशासनिक विभाजन अनुसार गण्डकी अञ्चलका ६ जिल्लाहरू मध्ये कास्की जिल्लाको दक्षिण/पश्चिम भेकमा अवस्थित ३ गा.वि.स.हरूमध्ये निर्मल पोखरी गा.वि.स. एक हो । तुलनात्मक रूपमा होचो र पूर्व पश्चिम लमतन्न फैलिएको यस गा.वि.स.लाई साम्मी भनेर पनि चिनिन्छ । पहिले वडा नं. २ स्थित जनचेतन मा.वि. सँगै एउटा कञ्चन पोखरी थियो । यसलाई गैरी पोखरी भनिन्थ्यो । प्राय सफा देखिने हुनाले यसलाई निर्मल पोखरी भनिन्थ्यो । सायद यही पोखरीको नामैबाट यस गा.वि.स.को नाम निर्मल पोखरी रहन गएको भन्ने भनाइ छ ।[३०] ऐतिहासिक महत्त्वको सो पोखरी पुरिसकेको छ । सो स्थानमा जनचेतन उ.मा.वि.को पक्की भवन छ । वि.सं. २००९ देखि वि.सं. २०१२ सालसम्म पूर्वमा हाँसेको थुम्का/जिव्रेढुङ्गा (हालको भरतपोखरीदेखि पश्चिम कृस्तिनाच्नेचौर सम्म एउटै ग्राम पंचायतको रूपमा रहेकोमा वि.सं. २०१७ सालपछि पूर्वको केही भाग भरतपोखरीमा र पश्चिमको केही भाग कृस्ति नाच्नेचौर गा.वि.स.मा गाभियो भने मुख्य भू-भाग साम्मी निर्मल पोखरी र शिवालय फोक्सिङ गाउँ पञ्चायतमा विभक्त भयो ।[३१] पछि पुन साम्मी निर्मल पोखरी र शिवालय फोक्सिङलाई गाभेर एकीकृतरूपमा हालको निर्मल पोखरी गा.वि.स. बनेको हो ।[३२]

यस गोप्यश्वर महादेव मन्दिरलाई झण्डै विच भागमा सजाएको यस गा.वि.स.को वडा नं. १ मा मैदान, पुरानो सम्मी वडा नं. २ मा लामिछाने गाउँ, दमाइ गाउँ, वडा नं. ३ मा मगर गाउँ, लामाखेत वडा नं. ४ मा ठूली स्वाँरा, धुर्स्यानी, वडा नं. ५ मा गिरीगाउँ लम्पाटा, वासपानी, रघैचौर वडा नं. ६ मा फोक्सिङ्ग, दम्सादी पोखरेलथोक वडा नं. ७ मा पोखरेलथोक, वडा नं. ८ मा शिवालय मासपाटन, फेदीपाटन र वडा नं. ९ मा जमर्के, गौरीस्वाँरा, थाप्लेतिलाहार, काउले, खर्च्याङ्ग पर्दछन् ।

भिरालो खालको जमीन कै बढी बाहुल्यता भएको यस ठाउँमा खेतमा धानखेती गरिन्छ भने बारीमा कोदो मकै लगाउने गरिन्छ । पशुपालन, फलफुल खेती नै यस स्थानमा बस्ने मानिसहरूको जीविकोपार्जन गर्ने पेशाहरू हुन् । सिंचाइ सुविधा उपलब्ध हुन सके फलफूल खेतीको राम्रो सम्भाव्यता बोकेको ठाउँ हो यो ।

---

[३०] निर्मल पोखरी वार्षिक स्मारिका २०६३, निर्मल पोखरी सेवा समाज, काठमाडौं २०६२ पृ. १ ।

[३१] ऐजन, पृ.१ ।

[३२] ऐजन पृ.२ ।

झण्डै ९८.४७५ हिन्दु धर्मावलम्वी रहेको यस गा.वि.स.मा हिन्दु धर्मावलम्वीहरूका मात्र मठ  मन्दिरहरू छन् ।[घघ]

जातीय हिसावले ब्राह्मण, क्षेत्री, मगर, कामी, सार्की, नेवार, गिरि, दमाईहरू नै मुख्य रूपमा यस गा.वि.स.का वासिन्दाहरू हुन् । फरक फरक जातजातिहरूको बसोबास रहे पनि आपसी सद्भाव, एकता र मेलमिलाप अक्षुण्ण रहेको छ । जन्ती, मलामी, मेलापात गर्नमा कुनै खालको जात र संस्कारले रोक्दैन । यद्यपि सदियौं वर्षदेखि जरो गाडेर बसेको छुवाछुत प्रथा अझ विद्यमान रहेको छ ।

यस गा.वि.स.मा मानव वस्ती कहिलेबाट सुरु भयो भन्ने आधिकारिक प्रमाण नभेटिए पनि पोखरा उपत्यकामा भन्दा पहिले शीतल हावापानी भएको यस ठाउँमा मानिसहरूको बसोबास थियो र भारेटाकुरे राजाहरूले किल्ला जमाइ बसेका थिए ।[घढ] शिवालय क्षेत्र धार्मिक हिसावले मात्र महत्त्वपूर्ण नभएर सामाजिक चेतनाको हिसावले पनि उल्लेखनीय छ ।

[३३] ऐजन, पृ. ३ ।

[३४] मिति २०६८ कार्तिक ५ गते समाजसेवी श्री रुद्रनाथ पराजुलीसँग लिइएको अन्तरवार्ता ।

# परिच्छेद-तिन

# धर्मको परिचय

## ३.१ पृष्ठभूमि

विश्व ब्रह्माण्ड कै स्वरूप रहेको मानव शरीर सबै प्रकारको धर्म साधना र कर्म प्राप्तिको प्रमुख साधन हो, जिवात्मा र परमात्माको एकताको माध्यम हो । विश्वका सबै धर्महरूले यस शरीरलाई ईश्वरसँग भेट्ने र ईश्वरलाई बुझ्ने माध्यमका रूपमा ठहऱ्याएको पाइन्छ । अजर अमर मानिने देवताहरू समेत मानव शरीर धारण गर्नका लागि लालयित रहन्छन् । राम, कृष्ण आदिले मानवशरीर धारण गरेर यस पृथ्वीमा अवतार लिएको हुनाले नै ती भगवान र पूज्य भएका छन् । [घछ]

अझ महावीर, बुद्ध, मुहम्मद, ईसा, गुरुनानक आदिले मानवदेहका माध्यमबाट नै साधना गरेर बुद्धत्व, देवत्व र गुरुत्व प्राप्त गरेर उनीहरू पुजनीय र अनुकरणीय धर्म प्रवर्तक बनेका छन् । वस्तुतः शरीर एउटा अपरिहार्य साधन हो जसका माध्यमबाट परम साध्य प्राप्त गर्न सकिन्छ । धर्म मानव शरीरलाई चिन्तामणि अर्थात् चिताएको वस्तु पाउने रत्न मानिएको छ । जव हाम्रो शरीर स्वस्थ हुन्छ तब मात्र शरीरको सदुपयोग हुन्छ । शरीरलाई स्वस्थ राख्न सकेमात्र हाम्रो मन प्रसन्न हुन्छ । धर्मको माध्यमबाट धेरै मानिसले आत्मसन्तुष्टि र परमआनन्द प्राप्त गरेका छन् । जुनसुकै धर्मप्रति आस्था र विश्वास भएपनि मानिसले धर्मलाई अँगालेकै छन् । आफू जति सुकै नास्तिक छु भन्ठाने पनि मानिस कुनै न कुनै रूपमा आस्तिकता झल्काउँछ । धर्मले शारीरिक हिसावले सवल र मानसिक हिसावले स्थिर एवं शान्त बनाउँदछ । स्वस्थ शरीरको स्वस्थ मनबाट मात्र ब्रह्मको चिन्तन सम्भव छ । अतः धर्मको प्रथम साधन नै स्वस्थ शरीरलाई मानिएको छ । 'शरीर माद्य खलु धर्म साधना अझ धर्मका साथै अर्थ, काम र मोक्ष प्राप्ति समेत स्वस्थ शरीरका माध्यमबाट गर्न सकिने कुरा चरक संहितामा यसरी लेखिएको छ-"धर्मार्थकाम मोक्षरणमारोग्यं मुलमुत्तमम्"[घट]

धर्म शब्द 'घृ' धातुबाट उत्पत्ति भएको हो । यसको अर्थ धारण गर्नु भन्ने हुन्छ । यसको शाब्दिक अर्थ धारण योग्य कुरा हुन आउँछ । आचार-विचार र आचरण शुद्धिका

---

[३५] ऋषिराम शर्मा नेपाली राष्ट्रिय चाडपर्व, (काठमाडौंः रत्न पुस्तक भण्डार २०६३), पृ.१०७ ।

[३६] ऐजन पृ.१ ।

आधारमा धर्मलाई व्याख्या गर्न सकिन्छ ।[घठ] धर्मलाई व्याख्या विश्लेषण गर्ने आ-आफ्ना तौरतरिका भए तापनि धर्म मानिसलाई सभ्य अनुशासन, सही गन्तव्य पुऱ्याउने साधन हो भन्ने कुरा धेरैले स्वीकारेका छन् । मानवशास्त्री टेलर्स भन्दछन्-"धर्म आध्यात्मिक विश्वास हो ।" अर्का दार्शनिक इमाइल दुर्खाइमको शब्दमा "धर्म विश्वास र व्यवहारको एकीकृत व्यवस्था हो, जो पवित्रतासँग सम्बन्धित रहन्छ ।"[घड]

प्राचीनकालीन मानव समाज धेरै हदसम्म धार्मिक दर्शनबाट निर्देशित थियो । आ-आफ्नो आस्था एवं विश्वास गरेका धार्मिक दर्शनमा उल्लेखित कुराहरूलाई आधार मानेर के गर्न हुने के गर्न नहुने कुराहरू लिपिबद्ध गर्न थालिए । धर्मशास्त्रका आधारमा सामाजिक साँस्कृतिक परम्परा स्थापित भएका छन् । चाडपर्व रीतिरिवाज यसैका परिणाम हुन् ।

## ३.२ हिन्दु धर्म

हिन्दु शब्दको उत्पत्ति हिमाल र सिन्दु नदीसँग गाँसिएको छ । हिमालको 'हि' र सिन्धु (इन्दु) को 'न्दु' प्रभावित क्षेत्र हिन्दु स्थल हो । हिन्दुहरूको पवित्र धर्मस्थल हिन्दुस्तानको शिर भूमिमाथि स्थित नेपालकै पशुपतिनाथ भारतीय उपमहाद्वीपमा प्रसिद्ध छ । सनातन धर्म नै हिन्दु धर्मको मुल नाम हो । यसले वेद स्मृति र पुराणलाई प्रमाण मान्दछ । एशियामा हिन्दु धर्मावलम्बीको संख्या ४,७८,०७,३०० र अन्य महाद्वीपमा ३१,६८,३०० छ ।[घढ]

हिन्दु धर्म करीब ५ हजार वर्ष अधिदेखि वर्तमान समयसम्म निरन्तर रूपमा अस्तित्वमा रहँदै आएको विश्वको सबैभन्दा पुरानो धर्मको रूपमा लिइन्छ । आत्मालाई अविनाशी मान्ने, मनुष्य जगतको पूर्वजन्मप्रति विश्वास तथा जातीय व्यवस्थामा आबद्ध अलौकिक विश्वासमा आधारित नै हिन्दुवाद हो । हिन्दु धर्म बहुईश्वरवादमा आधारित धर्म हो, जहाँ विभिन्न ईश्वरका स्वरूपप्रति मानिसहरू विश्वास गर्दछन् । संसारको कुरा गर्ने हो भने विशेष गरी मित्रराष्ट्र भारत र हाम्रो देश नेपालमा बहुसंख्यक हिन्दुहरू छन् । अल्पसंख्यक रूपमा पाकिस्तान वंगलादेश, इन्डोनेशिया र दक्षिण अफ्रिकामा पनि हिन्दुहरू

[३७] खगेन्द्र निरौला 'नेपाल परिचय' (काठमाडौं : रत्नपुस्तक भण्डार २०६८), पृ. १२३ ।

[३८] अमृता गुरुङ्ग, श्री भद्रकाली मन्दिरको सामाजिक साँस्कृतिक पर्यावरण सम्बन्धित ऐतिहासिक अध्ययन (शोधपत्र), त्रि.वि.वि. इतिहास तथा संस्कृति विभाग, पृ. १८ ।

[३९] रामकुमार पाण्डे, नेपाल परिचय, (काठमाडौं, भुँडीपुराण प्रकाशन २०६०) पृ.३१२ ।

छन् ।[४०] स्वर्ग, नर्क, मोदा, मुक्ति, शुद्ध, अशुद्ध जस्ता पक्षहरू यस धर्मसँग जोडिएको छ । हिन्दु धर्मसँग सम्बन्धित धार्मिक ग्रन्थमा उल्लेखित दर्शनलाई केही मात्रामा अन्धविश्वास र रुढीवादी पक्षसँग पनि जोडिएको पाइन्छ ।

हिन्दु धर्म सम्बन्धी अनेकौं ग्रन्थहरू प्राचीनकालदेखि नै रचना हुँदै आएका छन् । यस धर्मका विधि विधान, देव-देवी, मान्यता धर्म दर्शन यिनै ग्रन्थमा समेटिएका छन् । उक्त ग्रन्थहरू वैदिक धर्ममा विश्वास राख्ने प्राचीन समयका विद्वान, चिन्तक र दार्शनिकहरूले तयार पारेका हुन् । हिन्दु धर्मले मानव मात्रको कल्याणलाई वाहेक प्राकृतिक वस्तुहरूको संरक्षण र सम्वर्द्धनमा पनि जोड दिएको छ ।

वैदिक धर्म नै हिन्दु धर्मको उद्गम आधार हो । यो वहुदेववादि छ । हिन्दु संस्कृति र सभ्यता यसैमा आधारित छ । वैदिक धर्म वेदको आधारमा बनेको सर्वप्राचीन धर्म हो । हिन्दु धर्मका ज्ञान, कर्म र भक्ति तिन मार्ग छन् । वर्णाश्रम व्यवस्थाद्वारा चार वर्ण ब्राह्मण, क्षेत्रीय, वैश्य र शुद्रमा विभाजित छन् । चार आश्रम गृहस्थाश्रम, वानप्रस्थाश्रम, ब्रह्मचर्याश्रम, सन्यासश्रममममा विभाजित छन् । हिन्दुधर्मका स्रोत ग्रन्थ ('विद्' बाट बनेका वेद) हरू ऋग्वेद यजुर्वेद, सामवेद र अर्थवेद मुख्य हुन् । यसरी वेद वेदाङ्ग, उपनिषद् र स्मृति आदिका साथै रामायण, महाभारत, श्रीमद्भागवत, गीता, पुराण आदि आद्य ग्रन्थ छन् । विश्व हिन्दु धर्म सम्मेलनले गाई र ॐ लाई सर्वोपरि मानेको छ र हिन्दु धर्मको आचारसंहिता पनि तयार गरेको छ । शैव, शक्ति, वैष्णव जस्ता समूह हिन्दु धर्मका सम्प्रदाय हुन् ।[४१]

हिन्दु धर्म संसारभरि चिनिनुका मुख्य कारण यसको आफ्नै मौलिक पहिचान हुनु हो । विशेषताका कारणले गर्दा हिन्दु धर्म विश्वव्यापी हुन पुगेको छ । हिन्दु संस्कारका ८ वटा उद्देश्यहरू समष्टिगत रूपमा देखा पर्दछन् ।[४२]

१. हर्ष र विषद्का भावनाहरूलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गर्नु । जस्तैः जन्म र मृत्यु संकार

२. विहन र अनिष्टकारी शक्तिबाट जीवनलाई सुरक्षित बनाउनु ।

३. अलौकिक सम्बृद्धिको कामना

४. बाञ्छित वस्तुहरूको कामना

५. व्यक्तित्वको सामाजिकीकरण

---

[४०] बाबुराम आचार्य, श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग-१ (काठमाडौंः श्री ५ महाराजधिराजको प्रेस सचिवालय, २०२४) पृ. १३१ ।

[४१] रामकुमार पाण्डे नेपाल परिचय, (काठमाडौंः भुँडीपुराण प्रकाशन, २०६०) पृ. ३०० ।

[४२] गणेश प्रसाद क्षेत्री, सोमप्रसाद खतिवडा हिन्दु समाज र धर्म (विराटगरः शिवा प्रकाशित २०५४), पृ २३४ ।

६. नैतिकताको सम्बर्द्धन

७. व्यक्तित्वको उत्कर्ष

८. आध्यात्मिक विकास

### ३.२.१ शैव धर्मको सामान्य परिचय

शिलालेखको आधारबाट केही शैव सम्प्रदायहरूको नाम जान्न हामी सक्छौं । तर तिनीहरूको राम्रो परिचय दिने समस्या अझ कठिन छ । अधिकांश शिलालेख शिख नमस्कार अथवा राजाहरूको पशुपतिभट्टारकपादानुगृहीतः अथवा यस्तै उपाधि देख्छौं तर कुनै विशेष शैव सम्प्रदायको उल्लेख कम पाइन्छ ।[४३]

यस्तै भयानक, डरलाग्दा, भयंकर र घातक कुराहरू वा रहस्यपूर्ण प्रकृतिका स्वरूपहरूलाई निजी वा सामुहित कल्याणका निमित्त त्यसप्रति आस्थावान् हुने, बलि दिने, उपासना गर्ने र भक्त हुने मनोविज्ञान मानव समुदायमा प्राचीन समयदेखि चलिआएको मनोविज्ञान हो । यसै मनोविज्ञान अन्तर्गत प्राचीन आर्यहरूले पनि भयंकर प्रकृति र उग्र शक्ति भएका स्वर्गदेखि मर्त्यसम्म गर्जना गर्दै हिंड्ने 'रुद्र' लाई प्रार्थना, स्तुति र बलिद्वारा प्रसन्न गर्ने परम्पराको थालनी गरे । उनीहरूले थालनी गरेको यस परम्पराद्वारा समाजमा रुद्र शिमताको उत्पत्तिको प्रथम विउ रोपियो । यस अर्थमा शिव या रुद्रका विभिन्न रथलाई केन्द्र मानेर पूजा  उपासना र भक्ति आदि गर्ने प्रथाको जन्म र विकास सुरु भएदेखि नै शैवधर्मको उत्पत्ति र विकासको इतिहास सुरु हुन्छ । वैदिक युगमा शैवधर्मका आराध्य देवता शिव नभएर शिवको आद्य रूप रुद्र थिए । शिव शब्द वास्तवमा उत्तर वैदिककालीन मात्र हो । यस अर्थमा शैव धर्मको इतिहास विकास रुद्रबाट सुरु भएर शिवसम्म पुग्दछ ।[४४] शैवधर्मको उत्पत्ति र विकास सँगसँगै शिवलाई बैग्लाबेग्लै पूजा उपासना गर्ने वा बेग्लै मत र सिद्धान्त अनुरूप शिवभक्त हुने वर्गहरूको पनि विकास भएको पाइन्छ । कालान्तरमा यिनै वर्गद्वारा वेग्लावेग्लै शैव सम्प्रदायहरूको विकास हुन पुग्यो । शैव आगमहरूमा यस्ता वेग्लावेग्लै शैव सम्प्रदायहरूको संख्या निर्धारित गरिएको छ । यस अनुसार (१) शैव (२) पशवत (३) कापालिक (४) कालामुख गरी जम्मा ४ सम्प्रदाहरूले विवरण शैव आगममा परेको छ । कालान्तरमा शैव सम्प्रदायहरुमा अझ बढोत्तरी भएको पाइन्छ । जस अन्तरगर्त (५) वीर शैव या लिंगायत सम्प्रदाय (६) काश्मिरी शैव या त्रिकट दर्शन सम्प्रदाय (७) योगिनी कौलमार्ग या नाथ सम्प्रदाय आदि पर्दछन् ।[४५]

---

[४३] जगदिशचन्द्र रेग्मी, नेपालको धार्मिक इतिहास (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६३) पृ. ३ ।

[४४] गणेश क्षेत्री, सोमप्रसाद खतिवडा, हिन्दु समाज र धर्म (विराटनगरः शिवा प्रकासन, २०५४), पृ.६१ ।

[४५] ऐजन पृ. ६५ ।

शिवको अर्थ कल्याणकरी भन्ने हुन्छ । उनले पशुबाट मनुष्यलाई मानवमा रुपान्तरण गरेकाले सो उपमा दिइएको हो । शिव भगवान्ले परिवारको ग्राहस्थ्य र दाम्पत्य जीवनको सुरुवात गरेका थिए । उनलाई योगविज्ञान र औषधि विज्ञानका आविस्कारक मानिन्छ । त्यसैले उनलाई वैद्यनाथको उपमाले पनि चिनिन्छ । पताञ्जली योगशास्त्र, रामदेवको योग आदि शिव भगवानको देनमा आधारित छन् । नृत्य विज्ञान ताण्डव (पुरुष) कौशिक (महिला) नृत्य र गायन वर्णमाला (सारेगम..........) को आविष्कार समेत उनकै पालाबाट भएको मानिन्छ ।[४६]

## ३.२.२ वैष्णव धर्मको सामान्य परिचय

विष्णुलाई प्रधान इष्ट देवता मान्ने भक्त वैष्णवहरूको यस धर्मको मतलाई भागवत वा पञ्चरात्र धर्म पनि भन्दछन् । विष्णु, राम, कृष्ण, नारायण, शालिग्राम, तुलसी, पिपल आदि पुज्ने यो सम्प्रदायले माछामासु निषेध गर्दछ र भक्ति मार्गमा लाग्दछ । सत्यनारायणको ब्रतपूजा गर्ने गरिन्छ । विष्णु उपासकहरू वूढानिलकण्ठ, कृष्ण मन्दिर आदिमा विशेष पूजा गर्दछन् । विष्णु सत्ययुगमा मत्स्य, कच्छप, वराह, नृसिङ्ग, त्रेतायुगमा वामन, द्धापर युगमा कृष्ण र कलियुगमा वुद्ध, कल्की अवतारमा प्रादुर्भाव हुने कुरामा विश्वास छ । यसैगरी दुई मार्ग छन् । भक्ति शिक्षँ पनि यसमा दिइएको छ ।[४७]

## ३.२.३ पशुपति धर्मको सामान्य परिचय

नेपालमा पशुपति इस्वीको (५३३) पाचौं शताब्दी अघि नै प्रसिद्ध भए तापनि गोपालवंशीले इस्वीको दशौं शताब्दी अघि नै बाग्मती किनार कोट्याउँदा प्रकट भएको देखाएको छ । लिच्छवी राजा सुपुण्यले मन्दिर बनाएको उल्लेख छ । नेपालका अधिष्ठाता भगवान पशुपतिनाथ पुरुष प्रकृति आवद्धता योनि (जलहरि) र लिङ्गको संयोग शक्तिका आधार हुन् । राज धर्मको रूपमा शैव पशुपत उत्तर प्राचीनका प्रसिद्ध थियो । आराध्यदेव भई राजाका प्रशस्ति र मुद्रामा पछिसम्म प्रतिष्ठित भएको पाइन्छ ।[४८]

## ३.२.४ शाक्त धर्मको सामान्य परिचय

यस धर्ममा जगत जननी दुर्गा वा काली नै परम शक्ति स्रोत मानिन्छ र दुर्गाका विभिन्न स्वरूप 'मातृका' लाई शाक्तहरू सप्त मातृका (महेश्वरी, रुद्रमणि, वैष्णवी,

[४६] मिति २०६८/१०/१८ गते प्राध्यापक श्री नारायणप्रसाद अधिकारीसँग गरिएको साक्षत्कारबाट ।
[४७] रामकुमार पाण्डे, नेपाल परिचय (काठमाडौंः भुँडीपुराण प्रकाशन, २०६०) पृ. ३०२ ।
[४८] ऐजन, पृ. ३०२

ब्रह्मायणी, कौमारी-सरस्वती, वाराही, ऐन्द्री), इन्द्रायणी, ब्राह्मी चमुण्डा र अष्टमातृकामा महालक्ष्मी समेत मान्दछन् । गुह्येश्वरी, काली महाकाली, दुर्गा आदि देवी शक्तिको उपासना गर्ने, बली चढाउने तन्त्रमन्त्रमा विश्वास गर्ने र अपनाउने यस सम्प्रदाय अन्तर्गत पर्दछन् । आश्विनशुक्ल प्रतिपदादेखि दशमीसम्म दुर्गाको उपासना गरी दशैं धुमधासँग मनाइन्छ । चण्ड-मुण्ड , शुम्भ-निशुम्भ, मधु कैटभ, महिसासुर जस्ता असत निर्मूल गर्ने शक्तिस्वरूपाणी भगवती दुर्गाको उपासना दशैंमा शक्ति पूजा पर्वको रूपमा विशेष मनाइन्छ ।[४९] हिन्दुहरू कालिलाई शक्ति स्वरूपको रूपमा पूजा गर्दछन् । कालीलाई नेपाल र भारत दुवै स्थानमा उपासना गरिन्छ । नेपालमा यी देवीका पूजा गरिने रूपहरूमा सिद्धकाली, गुहाकाली, भद्रकाली, समसानकाली, दक्ष्णिकाली, दन्तकाली, रक्षाकाली आदि मुख्य छन् ।[५०]

## ३.३ कास्की जिल्लाका धार्मिक स्थलहरूको संक्षिप्त परिचय :

नेपाल धार्मिक र साँस्कृतिक सम्पदाको धनी राष्ट्र हो । यहाँका विभिन्न भौगोलिक स्थानहरूमा ऐतिहासिक मठ मन्दिर, गुम्बा, चैत्य आदि निर्माण गरिएका छन् । कास्की जिल्ला पनि यस्ता गौरब गर्न लायक धरोहरहरूबाट सम्पन्न छ । कास्की जिल्लाका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक स्थलहरूमा सराङकोटको पर्यटकीय स्वरूप अर्मलाकोट (पुरानो घले राजाले राज्य गरेको ठाउँ), धारापानी शिवालय (ढिकुरपोखरी), ठूली पोखरी (कास्कीको), विन्ध्यवासिनी मन्दिर, तालबाराही, भद्रकाली, बौद्ध गुम्बा, शान्ति स्तुप, कास्कीकोट, कालिका गुठी, कुलमण्डन शाह दरबार, पातले छाँगो, महेन्द्र गुफा, भलामको हरिहर गुफा, सार्दीखोलाको नुनिलो पानी, पुरुन्चौरको तम्केल देउराली, गुप्तेश्वर महादेव (छोरेपाटन) आदि ।[५१] त्यसैगरी कास्की जिल्लाका अन्य धार्मिक स्थलहरूमा पो.उ.न.पा. २ स्थित विन्ध्यवासिनी, पो.उ.न.पा. १६ मा पर्ने महेन्द्र गुफा, पो.उ.न.पा.६ मा पर्ने तालवाराही, कास्कीकोट, पो.उ.न.पा. १२ मा पर्ने भद्रकाली मन्दिर, गणेश मन्दिर, पो.उ.न.पा. १६ मा पर्ने कालिका स्थान, पो.उ.न.पा. २ मा पर्ने भीमसेन मन्दिर (सेती र सार्दी खोलाको संगम), खारपानी तिर्थ, पो.उ.न.पा. ३ मा पर्ने विष्णु मन्दिर, भलाम १ मा पर्ने हरिहर आश्रम, तीनसिरे तिर्थ (सेती र गण्डकीको शिर) कार्यसिद्ध विहार रामघाट, सिक्लेस चोखोपानी तिर्थ, कान्छी वाराही (लुम्ले-३, ताञ्चोक), जगदम्बा देवी (काहुँ-९), साम्बा छोलिङ गुम्बा (मिजुरे-८), छछेन्लिङ गुम्बा (पो.उ.न.पा. ६), बौद्ध अर्घौं सदन (पो.उ.न.पा. ८), विश्व शान्ति स्तुप (पुम्दीभुम्दी) आदि मुख्य छन् ।

---

[४९] ऐजन, पृ. ३०३

[५०] गणेश प्रसाद क्षेत्री र सोमप्रसाद खतिवडा, हिन्दु समाज र धर्म (विराटनगरः शिवा प्रकाशन, २०५४) पृ. १०३ ।

[५१] कास्की जिल्ला पार्श्वचित्र (जिल्ला विकास समिति, कास्की २०६७) पृ. १०

कास्की ऐतिहासिक महत्त्वको जिल्ला हो । प्राचीनकालको बयान गर्न पर्याप्त सामग्रीको अभाव हुँदा कास्कीको प्राचीन इतिहास स्पष्ट भन्न सकिएको छैन । त्यहाँको मध्यकालीन इतिहासका स्रोतहरू पनि पर्याप्त छैनन् ।[५२] अध्ययन र अनुसन्धानको गर्भमा लुकेका यी ऐतिहासिक वस्तुहरू ओझेलमा परेका भए तापनि कयौं धार्मिक स्थलहरू आफ्ना ऐतिहासिक प्रमाणहरू साथमै संगालेका छन् । कास्कीका पवित्र धार्मिक स्थलहरूमा पोखरा उप न.पा. २ मा विन्ध्यवासिनी, पोखरा-१६ मा महेन्द्रगुफा, पोखरा-६ मा तालवाराही, कास्कीकोट पोखरा-१२ मा भद्रकाली मन्दिर, गणेश मन्दिर, पोखरा-१६ मा कालिकास्थान, पोखरा-२ मा भीमसेन मन्दिर खारपानी तिर्थ (सेती र सार्दी खोलाको संगमस्थल) पोखरा-३ मा विष्णु मन्दिर, भलामको हरिहर आश्रम, तीनशिरे तीर्थ (सेतीगण्डकीको शिर), कार्यसिद्धि विहार, रामघाट, सिकलेखको चोखोपानी तीर्थ, लुम्लेको कान्छी बराह, काहुँको जगदम्वादेवी, पोखरा-८ मा पर्ने अर्घो सदन, पुम्दी भुम्दीको विश्वशान्ति स्तुपा आदि पवित्र धार्मिक स्थलहरू हुन् ।[५३] यहाँका धार्मिक र पुरातात्विक दृष्टिकोणले महत्त्वपूर्ण स्थानहरूमा पोखरा बजारका विन्ध्यवासिनी मन्दिर, बुद्धविहार र नारायणस्थान, रामघाट, डुङ्गेसाँघु, तल्लो हेम्जा गाउँ पञ्चायतमा पर्ने ऋषि कुल आश्रम, पुरन्चौर गाउँ पञ्चायतको चुरुङ्ग शिवालय, उपल्लो हेम्जामा मरिङघाट शिवालय आदि हुन् ।[५४] कास्की प्राकृतिक सम्पदाबाट जति सुन्दर छ त्यति नै धार्मिक एवं एतिहासिक स्थल कला संस्कृतिबाट पनि त्यत्तिकै सुन्दर छ । यसैकारणले गर्दा बाह्य तथा आन्तरिक पर्यटकको गन्तव्य स्थल बन्न सफल भएको हो ।

पोखरा उपत्यका केही मठमन्दिर, गुफा, चैत्य स्तूपहरू, विन्ध्यवासिनी, धर्मशाला बुद्धविहार, नदीपुर मैत्री चैत्य तथा राधाकृष्ण मन्दिर, नारायण स्थान, महेन्द्रगुफा, विश्व शान्ति स्तूप, अनदु डाँडा, हरिहर गुफा भलाम, कर्मसिद्ध परम्परा धर्मचक्रद्धिपत्य विहार माटेपानी, सिद्धगुफा रामघाट, नारायण स्थान मन्दिर नदीपुर, राम मन्दिर रामघाट, सदाशिव मन्दिर ढुंगेसाँघु, लक्ष्मीनारायण मन्दिर अर्मला, तालवाराही, भद्रकाली, शोभा भगवती रानीपौवा, गुप्तेश्वर महादेव गुफा, सिद्धेश्वर महादेव फूलबारी, व्रह्मचार्य आश्राम नदीपुर आदि मुख्य छन् ।[५५]

---

[५२] राजाराम सुवेदी, कास्की राज्यको इतिहास (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०) पृ. २६ ।

[५३] पुरुषोत्तम ढकाल, मन्दिरै मन्दिरको देश नेपाल (ललितपुर : त्रिवेणी छापाखान, २०६२) पृ.(४२६-४३१)।

[५४] मेचिदेखि महाकालि भाग ३ (काठमाडौं : श्री ५ को सरकार संचार मन्त्रालय, २०३१) पृ. ३१८ ।

[55] दिलबहादुर क्षेत्री, सिद्ध शक्तिपीठ श्री विन्ध्यवासिनी तथा पोखराका केही मठ मन्दिर (श्री विन्ध्यवासिनी धार्मिक विकास समिति पोखरा, २०५७) पृ. १

## ३.४ निर्मल पोखरी गा.वि.स.का धार्मिक तिर्थस्थलहरू

पूर्वमा भरतपोखरी गा.वि.स. पश्चिममा कृस्ति नाच्नेचौर गा.वि.स., उत्तरमा पो.उ.न.पा. वडा नं. १७ एवं दक्षिणमा स्याङ्गजा जिल्लाको टक्सारसम्म फैलिएको यस गा.वि.स. मा थुप्रै धार्मिक एवं पर्यटकीय स्थानहरू छन् । पोखराबाट झण्डै १ घण्टाको दूरीमा अवस्थित यस गा.वि.स. पर्दछ ।[५६] पोखरेलचोकको झिमलेथुंको फोक्सिङ्ग कालिका मन्दिर एवं भ्यू टावर (निर्माणधीन), काउलेकोट डाँडीपोखरी जस्ता पोखरा र अन्नपूर्ण एवं माछापुच्छ्रे हिमालको रसपान गर्न सकिने रमणीय स्थानहरू यस गा.वि.स.का सुन्दर नयनहरू हुन् । हिन्दु धर्मावलम्वीहरूका आस्थाका प्रतीक पोखरेलथोकको रामरुद्रा मन्दिर, शिवालयको गोप्यश्वर महादेव मन्दिर वडा नं. ९ डाँडा पोखरीमा रहेको सन्तोषी माँ मन्दिर, वडा नं. ३ मा पर्ने जलदेवी मन्दिर यहाँका पौराणिक धरोहरहरू हुन् । यतिमात्र नभएर वडा नं. ५ मा पर्ने रातडाँडा देवी मन्दिर वडा नं. १ मा पर्ने कोत मन्दिर यहाँका उल्लेख गर्न लायक मन्दिरहरू हुन् । यस गा.वि.स.मा थुप्रै देवी देवताका मठ मन्दिर रहेका छन् । यी मध्ये मैदान स्थित गणेश मन्दिर, चिलाउने खर्कस्थित जलदेवी मन्दिर, शिवालय स्थित मन्दिर, वडा नं. १ तथा फोक्सिङ्ग कोत स्थित कालिका मन्दिर आदि मुख्य मन्दिरहरू हुन् ।[५७] यसका साथै निर्मल पोखरी गा.वि.स.वडा नं. ५ वासपानीको देवी मन्दिर पनि यहाँको उल्लेख्य धार्मिक स्थल हो ।

## ३.५ श्री गोग्यश्वर महादेव मन्दिरको परिचय

यस गोप्यश्वर महादेव मन्दिर हाल निर्मलपोखरी गा.वि.स. वडा नं. ८ शिवालय भन्ने ठाउँमा अवस्थित छ । पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका लगायत वरिपरिका विभिन्न गा.वि.स. एवं माछापुच्छ्रे र अन्नपूर्ण हिमाललाई दृश्यावलोकन गर्न सकिने यस सुन्दर एवं दर्शनीय स्थल वि.सं. २००६ अगाडि एउटा थुम्कोको रूपमा रहेको थियो । हाल मन्दिर भएको पूर्वतर्फ श्री जनजागृति नि.मा.वि.को भवन भएको ठाउँमा लामो वरपिपल भएको चौतारो र पोखरी थियो । त्यहाँ रुद्राक्ष र चिउरीको बोट थियो ।[५८] उक्त ठाउँमा मन्दिरको स्थापना तत्कालीन फोक्सिङ्ग पञ्चायत-८, जिमिरे गाउँ निवासी पिता हरिदत्त भण्डारी र माता देउ कुमारी भण्डारीका छोरा श्री मुक्तिराम भण्डारी (योगी) यस

---

५६ कास्की जिल्ला पार्श्वचित्र २०६७, जि.वि.स. कास्की, पृ. ७ ।

५७ निर्मल पोखरी गा.वि.स.को संक्षिप्त वस्तुस्थिति २०६७ (निर्मल पोखरी गा.वि.स. कास्की) पृ. १ ।

५८ समाजसेवी श्री कुल प्रसाद पराजुलीसँग मिति २०६८/०७/२७ लिइएको अन्तरवार्ता ।

मन्दिरको स्थापनाकर्ता हुनुहुन्छ । वि.सं. १९६० को दशकमा हरिदत्त भण्डारीका छोरा मुक्तिराम भारत प्रस्थापन गर्नुभएको थियो । उहाँ लामो समयसम्म भारतका गया द्वारिका, वद्री, काशी लगायत हिन्दुका पवित्र पुण्य भूमिमा धर्मकर्ममा विताइसकेपछि वि.सं. २००७ सालमा घरमा आउनुभयो । घरमा आउँदा उहाँले आफूसँगै गोप्यश्वर शिव महादेवको शिला तथा मूर्ति समेत लिएर आउनुभएको रहेछ । सोही शिलालाई वि.सं. २००७ सालतिर यस क्षेत्रका भद्रभलाद्मी सबैको सल्लाह बमोजिम हाल पुरानो मन्दिर रहेको ठाउँमा शिलालाई राखी मन्दिर बनाउने भए अनुसार उहाँ वाल ब्रह्मचारी योगीको सक्रियतामा मन्दिर निर्माण गरी निर्मलपोखरी-९, खर्च्याङ्गमा निजी गुठी समेत प्रदान गरी वि.सं. २०२० सालसम्म यस मन्दिरमा पूजा अर्चना सञ्चालन गरी यसै परिसरभित्र देह त्याग गर्नुभयो ।[५९] हाल मन्दिरको पश्चिमतर्फ पशुपति मन्दिर निर्माण गरिएको छ । मुक्तिराम भण्डारी वि.सं. २००८ साल तिर नेपाल आई यस मन्दिरमा शिला राख्नु भएको थियो । जुन कुरा मन्दिरमा राखिएको घण्टमा लेखिएको सालबाट स्पष्ट हुन्छ ।[६०] वर्तमान स्थितिलाई हेर्दा यस मन्दिरको पूर्वपट्टि साधु बस्ने कुटी, गाई बाँध्ने गोठ र पश्चिमतर्फ होमकुण्ड (परिशिष्ट ४ मा हेर्नुहोला) निर्माण गरिएको छ ।

नेपाललाई हाल धर्म निरपेक्ष राज्य भनेपनि हिन्दू धर्मकै वाहुल्यता रहेको छ । हिन्दु धर्म अन्तर्गत विभिन्न समुदायहरू पर्दछन् । नेपाल आज शैव धर्मको प्रमुख केन्द्रको रूपमा प्रख्यात प्रतिवर्ष भारतका हजारौं शिवभक्त यहाँ तीर्थयात्रा गर्न आउँछन् ।[६१] शिलालेखको आधारबाट केही शैव सम्प्रदायहरूको नाम जान्न हामी सक्छौं तर तिनीहरूको राम्रो परिचय दिने समस्या अझ कठिन छ । अधिकांश शिलालेख शिव नमस्कार अथा राजाहरूको 'पशुपति भट्टारकपादानु गृहीतः' अथवा यस्तै उपाधि देख्छौं तर कुनै विशेष शैव सम्प्रदायको उल्लेख कम पाइन्छ ।[६२] यो मन्दिर शिवालय शैव सम्प्रदायमा आधारित छ । यस अन्तर्गत हरेक दिन भक्तालुहरूको आदानप्रदान भइरहन्छ ।

## ३.६ नामाकरण

यस कास्की जिल्लाको निर्मल पोखरी गा.वि.स.वडा नं.८ मा स्थापित यस श्री गोप्यश्वर महादेव मन्दिरको नाम 'गोप्यश्वर महादेव मन्दिर' राखिनुको कारण यसरी नै राखिएको हो भन्ने एकिन तथ्य नभेटिए तापनि स्थानीय भद्रभलाद्मीहरूको सल्लाह सुझाव

---

[५९] श्री गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण तथा व्यवस्थापन समितिको विधान २०६३, पृ. १ ।

[६०] मिति २०६८।१०।१० गते भु.पू. पुजारी पुष्पराज पौडेलसँग गरिएको साक्षात्कार वार्ता ।

[६१] जगदीशचन्द्र रेग्मी, नेपालको धार्मिक इतिहास (काठमाडौं : रत्न पुस्तक भण्डार, २०२३) पृ. ३ ।

[६२] ऐजन पृ. १४ ।

बमोजिम मुक्तिराम भण्डारी (योगी) ले वि.सं. २००७ तिर गोप्यरूपमा भगवान शिवको शिला भारतबाट ल्याई स्थापना गरेको हुनाले यसको नाम गोप्यश्वर महादेव मन्दिर राखिएको भन्ने तर्क गर्नुहुन्छ यस मन्दिरका भु.पू. पुजारी एवं शिक्षक श्री पुण्यराज पौडेलज्यूले । समाजसेवी श्री जगन्नाथ पौडेलज्यूका अनुसार 'गोप्यश्वर महादेव मन्दिर' राखिनु कारण धार्मिक एवं ऐतिहासिकताको कारणले मात्र नभई शिवालय मन्दिरहरू धेरै ठाउँमा छन् यसको पहिचानका लागि गोप्यश्वर महादेव मन्दिर राखिएको हो' भन्नुहुन्छ । समाजसेवी एवं शिक्षक श्री नवराज पराजुली ज्यूका अनुसार - 'यसको प्रचार प्रसार कम मात्रामा भई गोप्यरूपमा रहिरहेकोले यसको नाम गोप्यश्वर महादेव मन्दिर रहेको हो' भन्ने तर्क गर्नुहुन्छ । हाम्रो देशका मठमन्दिरहरुका नाम निर्माणकर्ताको नामबाट, स्थान विशेषबाट, निर्माणकर्ताका परिवारका सदस्यहरुका नामबाट, जनजातीका भाषा आदिबाट राख्ने प्रचलन भएकाले यस शोधकर्ताले यसबारे धेरै महानुभावहरुसँग जिज्ञासा राखेतापनि चित्त बुझ्दो उत्तर पाउन सकेन । श्रद्धालु भक्तजन र मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरुका मतलाई सुक्ष्म रुपले अध्ययन गर्दा गोप्य रुपमा यसलाई स्थापना गरिएकाले यसको नाम गोप्यश्वर महादेव मन्दिर राखिएको हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । यस गोप्यश्वर महादेव मन्दिर अहिले खुल्ला रूपमा नै मुटुमा सजिएको छ । सबै श्रद्धालु भक्तजनको आस्थाको केन्द्र बन्न सफल भएको छ ।

## ३.७ नित्यपूजा तथा विशेषपूजा

यस गोप्यश्वर महादेव मन्दिरको नित्य पूजाअर्चना स्थापनाकाल देखि वि.सं. २०२० सम्म मन्दिरलाई स्थापनाकर्ता मुक्तिराम भण्डारीले गर्नुभएको थियो ।[६३] त्यस पश्चात कास्की जिल्ला खुदी निवासी षडानन्द अधिकारीले पूजाअर्चना गर्नुभयो । त्यसपछि धर्मराज उपाध्याय पौडेल, श्री केदारनाथ पौडेल, पुष्पराज पौडेल, ईश्वर गिरीले पूजाअर्चना गर्नुभयो । ईश्वर गिरी योगी हुनुहुन्थ्यो ।[६४] उहाँले मन्दिर परिसरमा गाई पालन गरेर आश्रममा नै बस्नुभएको थियो । ईश्वर गिरी पश्चात् गंगा बहादुर अधिकारी र ओमप्रसाद पौडेलले पूजाअर्चना गर्नुभयो । हाल पुजारीका रूपमा खिमलाल पौडेलले पूजा गर्नुहुन्छ । उक्त शिवालयमा हिन्दु विधि विधान पूर्वक नित्य नैमित्तिक शिव भगवानको पूजा आराधना गरिन्छ । जस अनुसार प्रत्येक दिन पुजारीले स्नान गरी मन्दिरभित्र रहेका देवताहरूको मूर्तिलाई शुद्ध जलले स्नान गराई, चोखो जल फेरी, चन्दन, फुलपाती, अक्षँता, नैवेधता साथ आरती गरिन्छ । भगवान

---

[६३] ऐजन पृ. १ ।

[६४] समाजसेवी श्री लिला प्र. पराजुलीबाट मिति २०६८/०७/१५ गते लिइएको अन्तरवार्ता ।

शिवको मन्दिर भएकाले यहाँ विशुद्ध पूजा हुन्छ । बली चढाइँदैन । शिवालय परिसरभित्र पशुपति मन्दिरमा समेत विधिपूर्वक नित्य पूजा अर्चना गरिन्छ ।

विशेष पर्व एवं उत्सवमा श्री कुलप्रसाद पराजुली र श्री ईश्वरी पोखरेलले पूजाअर्चना गर्ने, प्रवचन दिने कार्य गर्नुहुन्छ । रक्षा वन्धनका दिन जनै मन्त्रण गर्ने समेत कार्य गरिन्छ । शिवरात्रीमा सामुहिक व्रतवन्ध कार्य गरिन्छ भने वालाचर्तुदशीका दिन सद्विज छरिन्छ । यस मन्दिरमा प्रतिवर्ष शिवरात्रीमा विशेष पूजाको रूपमा शिव भगवानको विधि विधानपूर्वक पूजा आराधाना गरिन्छ । उक्त दिन निर्मलपोखरी एवं कृस्ती नाच्नेचौरवासी भक्तजन आई भगवान शिवको अर्चना गरी प्रसाद ग्रहण गर्दछन् । रातभर धुनी लगाई भगवान शिवको नाउँमा भक्ति किर्तनका साथ जागा बस्ने प्रचलन छ ।

## ३.८ जनविश्वास

गोप्यश्वर महादेव मन्दिर मानव निर्मित प्राचीन धार्मिक स्थल भए तापनि यस मन्दिरको जनमानसमा गहिरो प्रभाव परेको छ । गोप्यश्वर महादेव मन्दिरको दर्शन गरेमा पापबाट मुक्ति मिल्नुका साथै मनको इच्छा र आकाङ्क्षा पूरा हुन्छ भन्ने धारणा जनमानसमा व्यापक रहेको छ । 'कुनै दुःख कष्ट तथा अप्ठ्यारो पर्दा गोप्श्वर महादेव मन्दिरको स्मरण गरे पापबाट मुक्त भइन्छ' भन्ने धारणा यस मन्दिर व्यवस्थापन समितिका सदस्य श्री हुमनाथ अधिकारी व्यक्त गर्नुहुन्छ । धेरै व्यक्तिहरूद्वारा मन्दिर पुनः निर्माण गर्न, होमन कुण्ड निर्माण गर्न, पशुपति मन्दिर निर्माण गर्नु, वसाहा राख्नु आदि कार्यका लागि आवश्यक रकम जुट्नु यस मन्दिरप्रतिको धार्मिक विश्वासको प्रमाण हो ।

यस मन्दिरसँग रहेको पशुपति मन्दिर परिसरमा वालाचतुर्दशीमा सत्वीज छर्ने, भक्तजनहरू शिवरात्रीमा घण्टौं लाममा बसी शिवजीलाई दूध चढाउने हुनाले पनि मन्दिरप्रति भक्तजनको अगाध विश्वास रहेको प्रमाणित हुन्छ ।

## ३.९ मन्दिरको बनोट तथा शैली

निर्मल पोखरी गा.वि.स. वडा नं. ८ मा यस गोप्यश्वर महादेव मन्दिर वि.सं. २००७ सालतिर योगी मुक्तिराम भण्डारीले स्थापना गर्नुभएको हो । यस मन्दिर सुरुमा माटो र ढुंगाले बनेको थियो । पुरानो मन्दिरलाई वि.सं. २०२५/२०२६ तिर जिर्णोदार गरिएको हो ।[६५] यस महादेव मन्दिर स्थानीय निर्माण सामग्रीको प्रयोग गरी श्रद्धालु भक्तजनको प्रयासमा जिर्णोदार गरिएको हो । तलदेखि माथिसम्म देखिने मन्दिरको सिमेन्ट ढलान गरी सेतो चुनाले

[६५] मिति २०६८/०७/१० मा श्री गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण तथा व्यवस्थापन समितिको अध्यक्ष श्री काशीराम अधिकारीसँगको अन्तरवार्ता ।

पोतिएको छ । मन्दिरभित्र भगवान महादेवको शिला राखिएको छ । यस मन्दिरमा पश्चिम फर्किएको ग्रिलको ढोका छ । मन्दिरमा पित्तलको गजुर राखिएको छ । मन्दिरसँग ठूलो घण्टा झुण्ड्याइएको छ । मन्दिरको मुलद्वारनेर बसाहा मन्दिरतिर फर्काइ राखिएको छ । मन्दिर निर्माण लागत खर्च विवरण एकिनमात्रामा प्राप्त हुन नसके पनि पटक पटक गरी धेरै रकम खर्च भएको अनुमान लगाउन सकिन्छ । शिखर गुम्वज शैलीमा निर्मित यो मन्दिर जिर्ण अवस्थामा छैन । तत्काले अन्य निर्माण कार्यलाई अगाडि बढाउन पर्ने देखिए पनि मन्दिर जिर्णोदार गर्नुपर्ने देखिंदैन । मन्दिरभित्र समाजसेवी एवं श्रद्धालुभक्तजन श्री चेतभक्त पराजुलीले काली- गण्डकीबाट ल्याएर अर्पण गरेका शालिग्राम राखिएका छन् ।

# परिच्छेद-चार

## श्री गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण तथा व्यवस्थापन समिति

### ४.१ श्री गोप्श्वर महादेव मन्दिरको गुठी

धार्मिक उद्देश्य प्राप्ति गर्न परोपकारी कार्य र देवीदेवताका नाममा छुट्याइएको जग्गालाई गुठी जग्गा भनिन्छ । नेपालमा गुठी राख्ने प्रचलन प्राचीन समयदेखि नै रहेको पाइन्छ ।[६६] नेपालको एकीकरणपछि नेपालको भूमि व्यवास्थाको अर्को किसिम गुठी व्यवस्था थियो । खासगरी शासकहरू र धनीमानीहरूको धार्मिक चाहना परिपूर्तिका निमित्त गुठी रूपी भू-स्वामित्वको थालनी भएको देखिन्छ । धार्मिक एवं सामाजिक संस्थाहरूको स्थापना र सम्वर्धनका निमित्त गरिएको जग्गा दान र अन्य सम्पत्ति दानबाटै गुठी व्यवस्थाको उत्पत्ति भएको देखिन्छ । प्राचीन तथा मध्यकालीन नेपालमा गुठी शब्दले धार्मिक तथा सामाजिक रूपमा दान गरिएको सम्पत्तिको व्यवस्था गर्न बनेको समिति (गोष्ठी) भन्ने बुझाउँथ्यो । तर अठारौं शताब्दीको अन्तदेखि गुठी शब्दको अर्थ परिवर्तन भई दान गरिएको सम्पत्ति कै अर्थमा गुठी शब्दको प्रयोग हुन थालेको पाइन्छ ।[६७] यस संस्थाको निर्मल पोखरी-८, राम्चे भुनेतरोमा रहेको गुठीको सीमाना साविक शिवालय गा.वि.स. मा रहेको पूर्व खाद (भिर) पश्चिम नारायण पौडेल, टीकाराम पौडेल, काशीराम पौडेल, केदारनाथ पौडेल समेतका कि.नं. २३ नेर,[६८] उत्तर पोखरा जाने बाटो एवं नन्द गिरीको साँध दक्षिण खाद एवं जंगल हाल कि.नं. ११३ को गुठी जग्गाको अन्दाजी १२ रोपनी क्षेत्रफल भएको जग्गाबाट प्राप्त नगदी वा जिन्सी सामान यसै गरी निर्मलपोखरी-९, खर्च्याङ्गमा रहेको कि.नं. २४१ को गुठी जग्गाको पूर्व घारी, पश्चिम कर्णाखर भण्डारी र झम्कनाथ भण्डारीको साँध, उत्तर मोतिलाल भण्डारीको साँध, दक्षिण गुरूप्रसाद भण्डारीको साँध रहेको र अर्को सोही नि.पो.-९, खर्च्याङ्ग उखारी भन्ने ठाउँको पूर्व टीकाराम भण्डारीको साँध रहेको कि.नं. २५० नं. को जग्गा[६९] यस संस्थाको गुठीको रूपमा रहेको छ ।

---

[६६] देवी प्रसाद शर्मा आधुनिक नेपाली इतिहास (काठमाडौंः रत्न पुस्तक भण्डार, २०५९) पृ. ३९१ ।

[६७] गणेश क्षेत्री, रामचन्द्र रायमाझी नेपालको इतिहास (काठमाडौंः एसिया पब्लिकेसन्स, २०६०), पृ. ५४१ ।

[६८] श्री गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण तथा व्यवस्थापन समितिको विधान, २०६३, पृ. ९ ।

[६९] जिल्ला मालपोत कार्यालय, कास्कीको नक्सा अनुसार ।

## ४.२ नवगठित व्यवस्थापन समितिको विवरण

श्री गोग्यश्वर महादेव मन्दिर क्षैत्रको विकासका लागि संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम श्री गोप्यश्वर महादेव मन्दिर संरक्षण समिति र गुठी नाम संस्था दर्ता २०६३ साल चैत्र २८ गते गरिएको हो ।[७०] यसको जिल्ला प्रशासन कार्यालय दर्ता नं. १८१३ छ । यस समितिको खास काम भने मन्दिरको संरक्ष्ँण र विकासमा सहयोग पुऱ्याउनु रहेको छ । यस अनुसार यस मन्दिरको विधान वि.सं. २०६३ सालमा नै कायम गरियो । विधान अनुसार एउटा समितिको कार्यालय २ वर्ष तोकिएको छ ।[७१]

मन्दिर परिसर एवं यसको नाउँमा रहेको सम्पत्ति आदिको उचित संरक्ष्ँण सम्बर्द्धन गरी निर्मलपोखरी सांस्कृतिक तथा पर्यटकीय वातावरणमा सघाउ पुऱ्याउने उद्देश्यले वि.सं. २०६३ सालदेखि एक सञ्चालक समितिको व्यवस्था हुँदै आएको पाइन्छ ।[७२]

**२०६३ मा गठित तदर्थ समिति :**

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री काशीराम अधिकारी | अध्यक्ष | निर्मल पोखरी-९ |
| २ | श्री ईश्वरी प्रसाद पोखरेल | उपाध्यक्ष्ँ | निर्मल पोखरी-९ |
| ३ | श्री कुल प्रसाद पराजुली | सचिव | निर्मल पोखरी-९ |
| ४ | श्री झंकनाथ भण्डारी | कोषाध्यक्ष्ँ | निर्मल पोखरी-९ |
| ५ | श्री रेशम बहादुर लामिछाने | सदस्य | निर्मल पोखरी-८ |
| ६ | श्री मुक्तिनाथ पौडेल | सदस्य | निर्मल पोखरी-८ |
| ७ | श्री हुमनाथ अधिकारी | सदस्य | निर्मल पोखरी-६ |

त्यहाँका भू.पू. पुजारी पुष्पराज पौडेलज्यूका अनुसार २०६३ साल पहिला मन्दिर सञ्चालन तथा संरक्षण गर्न कुनै सञ्चालन समिति नभएको र सो कार्य पूर्णतया स्वयम् पुजारीले नै गर्दै आएका थिए ।

संस्थाको उद्देश्य :

यस संस्थाका उद्देश्यहरू देहाय बमोजिम हुनेछ ।[७३]

---

[७०] संस्था दर्ताको प्रमाण-पत्र परिशिष्ट ३ मा उल्लेखित ।

[७१] श्री गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण तथा व्यवस्थापन समितिको विधान २०६३ पृ. १ ।

[७२] ऐजन पृ. ३

[७३] समितिको विधान-२०६३ को प्रस्तावनाबाट सारांश समेत उल्लेखित ।

क)	यो संस्था मुनाफा रहित जनहितकारी हुनेछ ।

ख)	धार्मिक भावना र सद्भाव जगाउने ।

ग)	यस गोप्यश्वर मन्दिरको संरक्षँण र व्यवस्थापन गर्ने ।

घ)	यस मन्दिरको नाममा रहेको नि.पो.-८, फेदीपाटन र नि.पो.-९ खर्च्याङ्गमा रहेको जग्गाको संरक्षण र सदुपयोग गर्ने ।

ङ)	यस मन्दिरमा परम्परादेखि चलिआएका पूजाआजा तथा संस्कार र रीतिरिवाजलाई निरन्तरता दिन आवश्यक पहल गर्ने ।

च)	मन्दिर परिसरभित्र भजन मण्डली गृह, अतिथि गृह, गौशाला, कम्पाउण्डिङ्ग जस्ता भौतिक विकास निर्माण कार्यलाई निरन्तरता दिने ।

छ)	गुठी जग्गामा वृक्षारोपण तथा फलफुल खेती गर्ने ।

ज)	यस मन्दिर वरिपरिको वातावरण स्वच्छ र सफा राख्न आवश्यक पहल गर्ने ।

वर्तमान कार्य समिति :

मिति २०६६ आश्विन ३१ गते नवगठित व्यवस्थापन समितिको नामावली:[७४]

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री काशीराम अधिकारी | अध्यक्ष | निर्मल पोखरी-९ |
| २ | श्री इश्वरी प्रसाद पोखरेल | उपाध्यक्ष | निर्मल पोखरी-६ |
| ३ | श्री टीकाराम भट्टराई | सचिव | निर्मल पोखरी-९ |
| ४ | श्री टेकनाथ भण्डारी | सह-सचिव | निर्मल पोखरी-५ |
| ५ | श्री कुल प्रसाद पराजुली | कोषाध्यक्षँ | निर्मल पोखरी-९ |
| ६ | श्री देवी अधिकारी | सदस्य | निर्मल पोखरी-६ |
| ७ | श्री विष्णुमाया भण्डारी | सदस्य | निर्मल पोखरी-८ |
| ८ | श्री नारायण प्रसाद पौडेल | सदस्य | निर्मल पोखरी-८ |
| ९ | श्री गंगा बहादुर अधिकारी | सदस्य | निर्मल पोखरी-९ |
| १० | श्री राधिका अधिकारी | सदस्य | निर्मल पोखरी-९ |
| ११ | श्री ओमप्रसाद पौडेल | सदस्य | निर्मल पोखरी-९ |
| १२ | श्री झंकनाथ भण्डारी | सदस्य | निर्मल पोखरी-९ |
| १३ | श्री पूर्ण प्रसाद भण्डारी | सदस्य | निर्मल पोखरी-९ |

[७४] चौंथो साधारण सभाको निर्णय पुस्तिकाबाट ।

## ४.३ श्री गोप्यश्वर महादेव मन्दिर व्यवस्थापन समितिको गतिविधि

श्री गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण तथा व्यवस्थापन समिति गठन भएपछि सामान्य रूपमा पहिलाभन्दा व्यापक प्रचार-प्रसार र मन्दिर परिसरलाई व्यवस्थित तरिकाले व्यवस्थापन गरिएको हुँदा हाल मन्दिरमा दर्शन गर्नेको भीड पहिलाभन्दा धेरै नै बढेको छ । त्यहाँ स्थापित पशुपतिनाथको मन्दिरका कारण पनि मन्दिर आउने श्रद्धालुहरूको संख्या बढेको हो । यस बाहेक उक्त ठाउँ राम्रो वातावरण सहित प्राकृतिक छटाले भरिपूर्ण भएकोले मात्र नभए अगाध धार्मिक आस्थाका कारणले पनि विशेष भीड लाग्छ । मन्दिरमा दैनिक नित्य, नैमित्यिक पूजाहरू बाहेक विभिन्न पर्वका समयमा विभिन्न ठूला धार्मिक अनुष्ठानहरू हुने, विवाह, ब्रतवन्ध र अन्य कर्महरू हुँदा यस स्थलको महिमा झन् व्यापक विस्तारित हुँदै आएको पाइन्छ । आर्थिक अवस्थाको कुराको हकमा यस समितिले यस धार्मिक क्षेत्रमा दैनिक पूजा-आजा बाहेक विवाह, ब्रतवन्ध, धार्मिक अनुष्ठानहरू आयोजना गर्ने आयोजक पक्षसँग धार्मिक क्षेत्रको सुधार संरक्ष्ँण-सम्बर्द्धनको लागि भनी केही रूपमा आर्थिक सहयोग उठाउने गर्दछ । मन्दिर परिसरमा राखिएको समितिको दानपत्रबाट केही आर्थिक सहयोग उठाउने गरिन्छ ।

## ४.४ धार्मिक क्रियाकलापहरू

यस मन्दिर क्षेत्रमा अन्य मन्दिरमा जस्तै भक्तजनहरूको ठूलो घुइँचो लाग्दछ । यस स्थलमा अरू दिनमा मानिसहरू आउने जाने गरे पनि शिवरात्री, वाला चर्तुदशी, ऋषि पञ्चमी र प्रत्येक सोमवार मन्दिरमा विशेष पुजा आराधना गर्ने गरिन्छ । धुपदीप बालेर नैवेध भेटी आदि चढाएर भक्तजनहरूले पूजा गर्छन् । केही भक्तजनहरू टाढा-टाढाबाट दर्शन गर्न आउँछन् । उपासकहरू आफ्ना मनोकामना लिएर महादेवको दर्शन गर्न आउँछन् र आफ्ना मनोकामना पूरा भएमा बहुमूल्य उपहार चढाएर खुशी पार्ने इच्छा पनि जाहेर गर्छन् ।

## ४.५ कर्मकाण्डीय क्रियाकलापहरू

श्री गोप्यश्वर महादेव मन्दिर निर्मलपोखरीको एउटा प्राचीन र प्रतिष्ठित मन्दिर हो । यस बाहेक यस मन्दिरकी देवीको लोकप्रियता र शक्तिको स्पष्ट अनुभूतिको कारण यस मन्दिरमा प्रतिवर्ष विवाह तथा व्रतवन्ध गर्न आउने मानिसहरूको भीड देख्न पाइन्छ । यस मन्दिर शुभ लगनको समयमा त कहिले एकै दिनमा धेरै जोडी विवाह बन्धनमा बाँधिएको

तथ्य मन्दिर सम्बद्ध पदाधिकारीबाट प्राप्त भएको छ । शिवरात्री र अन्य शुभ लगनमा व्रतवन्ध कार्य समेत सम्पन्न हुन्छ ।[७५] साथै हालैमा उक्त क्षेत्रको यज्ञशालाको स्थापना भएबाट यो क्षेत्रका लागि सुनमा सुगन्ध साबित भएको छ ।

यस निर्माण कार्यले यज्ञ अनुष्ठान र विवाह-व्रतबन्ध कार्यक्रमलाई अतिरिक्त सुविधा प्रदान गरेको छ, जसले गर्दा टाढा-टाढाबाट पनि मानिसहरू विवाह-ब्रतबन्ध जस्ता कर्मकाण्ड गर्नका निम्ति आफ्ना नजिकका क्षेत्र छोडी उक्त स्थलमा आउँछन् ।[७६] यहाँ वालाचर्तुदशीका दिन पशुपतिनाथ सरह आराध्यदेव सम्झिएर सत्वीज छर्ने कार्य समेत गरिन्छ ।

## ४.६ विविध क्रियाकलापहरू

यस गोप्यश्वर महादेव मन्दिर परिसर निर्मल पोखरीको मुख्य केन्द्रविन्दु तथा उच्च टापुमा रहेको छ । यसको उत्तरतर्फको फेदीपाटन वन र दक्षिणतर्फ देखिने गैरीस्वाराको सुन्तला वगानले यस ठाउँ अझै आकर्षक बनेको छ । हिजो आजको वातावरण प्रदूषण र अनावश्यक भीडभाडदेखि जोगिनका लागि यो स्थल अति उपयुक्त छ । जसले गर्दा यस क्षैंत्रमा बढ्दो पदयात्रा गर्न आउँछन् । अध्ययनको क्रममा उक्त स्थलमा जाँदा दुवै समयमा मानिसहरूको संख्या उल्लेखनीय पाइयो । यसको शान्त वातावरणले गर्दा यस स्थल नजिकै बेला-बेलामा कलाप्रेमीहरूद्वारा नाटक, लोकदोहोरी कार्यक्रम पनि यस स्थलमा हुने गरेको स्थानीय बासिन्दाबाट जानकारी पाइएको छ । यति मात्र नभएर यो स्थल जैविक विविधता र आध्यात्मिक दृष्टिले महत्वपूर्ण भएको हुँदा यहाँ समय-समयमा खोज, अध्ययनका लागि वन क्याम्पस तथा अन्य विद्यालय संस्थानबाट विद्यार्थीहरू आउने गरेको पाइएको छ । सुन्दर र रमणीय स्थान भएको कारणबाट यहाँ विभिन्न संघ-संस्थाको छलफल वैठक आदि संचालन गरिन्छ । साथीभाइ जम्मा भई आपसी गफगाफ गर्ने स्थानको रूपमा पनि परिचित छ ।

---

[७५] मिति २०६८ आश्वीन २० गते समाजसेवी श्री मुक्तिनाथ पौडेलसँग लिइएको अन्तरवार्ता

[७६] यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष श्री काशीराम अधिकारीसँग मिति २०६८/०८/०१ मा लिइएको अन्तरवार्ता

## ४.७ गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण र व्यवस्थापन समितिको गुरुयोजना

यस समितिका गन्यमान्य व्यक्तिहरू स्थानीय जनसमुदायको सहयोगमा यस मन्दिर क्षैत्रको विकासका लागि अहोरात्र जुट्नुभएको छ । जसले गर्दा छोटो समयमा नै यस क्षेत्रले उपलब्धि हासिल गरेको छ । परिणामस्वरूप यस क्षेत्रको लोकप्रियता बढ्दै गएको छ, तर पनि मानिसहरू स्वभावले महत्वकांक्षी हुने हुँदा यस क्षेत्रको व्यापक विस्तार गर्नका लागि कार्यरत समितिबाट केही गुरुयोजनाहरू तयार गरिएको छ । जस अन्तर्गत सर्वप्रथम यस क्षेत्रको व्यापक प्रचार-प्रसार गरी आन्तरिक पर्यटक मात्र नभई वाह्य पर्यटकलाई पनि आकर्षित गर्ने, बनाउने र सोही क्षेत्रमा पार्क स्थल बनाउनका साथै यस अतिरिक्त यस स्थलको जैविक विविधतालाई संरक्षण गर्ने हेतुले लोप हुन लागेका वनस्पति तथा जीवहरूको सुरक्षा र व्यवस्थापन समितिको आयस्रोतमा वृद्धि गर्ने समेत रहेको छ । यतिमात्र नभएर यो स्थल पोखराको केन्द्रविन्दु र उच्च टापुमा अवस्थित भएको हुनाले पोखरा वरिपरिको राम्रो दृश्यावलोकन गर्ने हेतुले व्यवस्थित स्थान बनाउने जस्ता गुरुयोजनाहरू यस समितिका रहेका छन् । यस्ता योजनाहरू सफल हुन गएमा साँच्चै यसले मन्दिर क्षेत्रलाई मात्र योगदान नदिई स्थानीय जनताको विकास र वातावरण संरक्षणमा ठूलो टेवा मिल्ने छ ।

मिति २०६६ आश्विन २४ गते कार्यसमितिले तय गरेको कार्ययोजना[७७]

- गोप्यश्वर महादेव मन्दिरको नाममा रहेको नि.पो.-९, खर्च्याङ्ग र नि.पो.-८ फेदीपाटनमा रहेको गुठी जग्गा दर्ता गर्न पहल गर्ने ।
- मन्दिर परिसरभित्र आवश्यक पर्ने पिउने पानीको धारा उपलब्ध गराउने खानेपानी उपभोक्ता समिति समक्षँ माग गरी निर्णय गर्ने ।
- मन्दिरको नियमित पूजा गरी मन्दिरको रेखदेख गर्न जिम्मेवारी लिएका पूजारीलाई दिने खर्च गुठी एवं पूजा गरी आएको आम्दानीले मात्र नपुग हुन जाने देखिएको हुँदा आम्दानी वृद्धिका लागि स्रोतको रूपमा रहेको प्रत्येक भक्तजनहरूबाट १/१ पाथी जिन्सी माग गर्ने ।
- मन्दिर परिसरभित्र रहेका ठूला रुखहरूलाई विस्थापित गर्न लिलाम वढावढ गर्ने प्रस्ताव गर्ने ।
- मन्दिरभित्र रहेको ढिस्को सम्याएर उक्त ठाउँमा भक्तजन विश्राम स्थल निर्माण गर्ने ।

---

[७७] श्री गोप्यश्वर महादेव मन्दिर तथा गुठी व्यवस्थापन समितिका सचिव श्री टीकाराम भट्टराईसँग मिति २०६८/०६/१० लिइएको अन्तरवार्ता

# ➢ परिच्छेद-पाँच

## ➢ सामाजिक, सांस्कृतिक जीवनमा श्री गोप्यश्वर महादेव मन्दिर क्षेत्रको प्रभाव

➢

➢ मानव जातिको उत्पत्तिकालदेखि नै उनीहरू स-साना झुण्डहरूमा बस्न थाले । विकासक्रमसँग यस्ता झुण्ड वा समूहहरू समाजको अनौपचारिक सुरुवात भएको देखिन्छ । आदिम कालमा मानव ढुङ्गे युगमा थिए । ढुङ्गाका हतियार निर्माण गर्दथे, शिकार गर्दथे तर आङ ढाक्न पर्दछ भन्ने चेतना नभए तापनि सामुहिक चेतनाको विकास भएको थियो । त्यसैले मानिस र समाजविच अन्योन्याश्रित सम्बन्ध छ । समाज मानव जीवनको सर्वोत्कृष्ट संरचना हो ।

➢ यदि समाजको उपयुक्त मूल्यांकन गर्ने हो भने यसलाई विविध पक्षहरूले असर पारेको पाइन्छ । ती मध्ये, भौगोलिक स्थिति, सांस्कृतिक विचारधारा, परम्परागत सोंच, धार्मिक मूल्य र मान्यता, तथा अन्य मानवीय विकासका पक्षहरू अग्रपंक्तिमा छन् । जुनसुकै भौगोलिक स्थानहरूमा पनि धार्मिक विचारधारा उजागर भएको पाइन्छ, फरक यति मात्र हो भिन्न स्थान र परिवेशमा भिन्न धार्मिक सोंच देखिन्छ । अर्को अर्थमा भन्ने हो भने धर्म अनुशासनको अर्को नाउँ हो । हुन त महान् दार्शनिक कार्ल मार्क्सको दृष्टिमा “धर्म अफिम हो” । जसअन्तर्गत संसारकै एक नामुद दार्शनिक काल मार्क्सले आफ्नो बहुचर्चित पुस्तक दास क्यापिटलमा वर्ग अन्तरको प्रमुख कारकतत्व मान्दै उक्त किताबमा उनले धर्मलाई अफिमको संज्ञा दिएका छन् । तर पनि एउटा यथार्थता यो हो कि प्रत्येक मानव सभ्यताको अध्ययन गर्नु हुन्छ भने चाहे, इन्डज उपत्यका सभ्यता, मेसोपोटमिया सभ्यता, नाइल उपत्यका सभ्यता, ह्वाङहो सभ्यता, आर्य सभ्यता आदि सबै धार्मिक धरातलमा उभिएका थिए ।

➢ यसै सन्दर्भमा यहाँ यस मन्दिरले विशेषतः हिन्दु, गैर हिन्दु र स्थानीय समुदायमा के कस्तो धार्मिक, सामाजिक एवं सांस्कृतिक प्रभाव पारेको छ भन्ने अध्ययन गर्नु हो । यहाँ विभिन्न महानुभावहरूको भनाइ, लेख रचना तथा अध्ययनको आधारमा यथार्थता र वस्तुपरकताको उत्खनन गर्ने प्रयास गरिएको छ ।

## ५.१ सामाजिक एवं साँस्कृतिक प्रभाव

- समाज विभिन्न दृष्टिकोण, धारण एवं क्रियाकलाप भएका मानिसहरूको जमघट हो । विगतमा एक समाजमा सामान्यतया वैचारिक, साँस्कृतिक एवं जातीय समानता भएका मानिसहरू रहन्थे । तर हाल आएर प्रत्येक समाज शिक्षित समाजको रूपमा रूपान्तरित हुँदैछ । यस्तो परिस्थितिमा एक स्थान एवं अवधारणाले कस्तो महत्व बोकेको छ भन्ने प्रश्न गहन छ । तर पनि यस मन्दिर परिसरले मानिसहरूको सामाजिक र साँस्कृतिक अवधारणामा कस्तो असर पारेको छ भन्ने प्रसंग कोट्याउन खोजिएको छ ।
- हाम्रो यथार्थलाई निहाल्दा समाज र मानवीय जीवनको सम्बन्ध प्रगाढ छ । मानिस नै एक मात्र त्यस्तो प्राणी हो, जसले आफ्नो बुद्धि र विवेकले समस्त सृष्टिलाई आफ्नो अनुकुल मोड्न धेरै थोरै सफल देखिन्छ । समयको अन्तरालमा मानव समाजमा कल्याणकारी भावना एवं उत्थान र विकासलाई टेवा पुऱ्याउने संघ संस्थाहरू र धार्मिक स्थलहरू अस्तित्वमा आउन थाले । वास्तवमा हिन्दु तथा बौद्ध धर्ममा आधारित नेपाली समाजलाई नियाल्दा मठ मन्दिर, गुम्बा, चैत्य, स्तुपहरूले धार्मिक भावनाको प्रतिनिधित्व गरेको पाइन्छ । यसको अर्थ कुनैपनि मठ मन्दिर एवं स्तुप आदि मानवीय भावना र वातावरणीय संरक्षँण एवं सम्बर्द्धनको प्रतीकको रूपमा निर्माण गरिएका छन् ।
- वास्तविकतालाई निहाल्ने हो भने हाम्रा आसपासमा रहेका विविध मठ मन्दिर, गुम्बा, बिहार तथा गुफाले केवल सोही स्थानको समाज मात्र नभएर मुलुककै विविध साँस्कृतिक, आर्थिक, सामाजिक एवं वातावरणीय आदि क्षेँत्रमा गहिरो प्रभाव पारेको देखिन्छ । साँस्कृतिक दृष्टिले नेपाली समाजमा रहेका समग्र मठ मन्दिर, गुम्बा, विहार, चैत्य, स्तुप तथा गुफा आदि साँस्कृतिक धरोहरहरू नेपालको पहिचान बन्न पुगेका छन् । तसर्थ यिनीहरूले हाम्रो समाजका मूल आधार हिन्दु तथा बौद्ध धर्म, भावना र आस्थामा आधारित जातजाति तथा समुदायको अस्तित्व पहिचान र उनीहरूको संस्कार संस्कृतिको स्पष्ट रूपमा प्रतिनिधित्व गरेका छन् ।
- हाम्रा मठ मन्दिर, विहार तथा स्तुपहरू वास्तवमा शान्तिका प्रतीक तथा नैतिक शिक्षाका आधारशिला समेत बनेका छन् । किनकि यिनीहरूले जस्तै खराब प्रवृत्तिको मानिस किन नहोस् उसलाई अर्कै मनोवैज्ञानिक असर पर्दछन् । जस्तैः नास्तिक भए पनि झुकेर एकक्षणका लागि भएपनि उसले नराम्रो सोंच राख्न सक्तैन

। फलस्वरूप यसले नैतिकबल र मानवीय भावना र संस्कारको विकासमा ठूलो टेवा पुऱ्याएको छ ।

- ➢ यस मन्दिरको सन्दर्भमा कुरा गर्ने हो भने मन्दिर संरक्षण र सम्बर्द्धनको निम्ति विभिन्न जातजाति र समाजका मानिसहरूबिच वैमनस्यता त्यागेर एकताको स्थापना भएको देखिन्छ । जसमा ब्राह्मण, क्षेत्री, बैश्य, शुद्र आदिको संलग्नताले सामाजिक, जातीय र धार्मिक विखण्डनको अन्त्य गराउन प्रयासरत छ ।[७८] हाल आएर यहाँ दलित र गैर दलितबिच भेदभाव नहुनु वास्तवमा उच्च मानवीय एवं धार्मिक विकासको नमुना हो । केही समय अगाडिसम्म दलित समुदायले मन्दिरमा पूजा पाठ गर्न हिच्किचाउँदथे भने गैर दलितहरूले पनि उनीहरूले पूजाआजा गरेको मन पराउँदैनथे ।[७९]
- ➢ 'साथै धर्मको वैकल्पिक नाउँ अनुशासन हो' आध्यात्मिक भावनाले मानव चेतनाको विकास गर्दछ । भौतिक संसारमा आध्यात्मिक चिन्तनले मानिसलाई शान्ति प्रदान गरेको छ । अर्कोतर्फ स-साना नानीहरूमा आदर भावको विकास हुनुले सामाजिक मर्यादाको विकास गरेको पाइन्छ । यस मन्दिरप्रति श्रद्धा र भक्तिभावले विदेशी र स्वदेशी दर्शनाभिलाषीहरू आउँदछन् । फलतः अन्तरदेशीय साँस्कृतिक विचारहरूको आदानप्रदान भएको देखिन्छ । यस क्षैत्रको सामाजिक महत्वले विदेशी पर्यटक पनि आकर्षित भएको देखिन्छ । जसको परिणाम सामाजिक सद्भाव वृद्धि तथा आय आर्जन बढ्दछ ।
- ➢ साथै यस मन्दिरले हाम्रा पुराना सामाजिक मूल्य मान्यतालाई बचाएर राख्ने काम गरेको छ । असल कार्य श्रद्धाभावका साथ सुरुवात गर्नु ज्यादै राम्रो पक्ष हो । वार्षिक करिब १०/१२ जोडी विवाह बन्धनमा बाँधिनुले हाम्रो साँस्कृतिक जर्गेना हुने देखिन्छ । साथै मन्दिरमा हुने विवाह सामाजिक तडक भडकभन्दा अल्ली कम नै खर्चिलो हुन्छन् तर पनि आजकल यो गलत परम्परा बढ्दै जानु निश्चय नै दुःखद कुरा हो । सामुहिक व्रतबन्ध एवं बालाचतुर्दशीमा सत्बीज छर्ने जस्ता धार्मिक पक्षहरू सकारात्मक देखिन्छन् । यस मन्दिर भएको कारणले धार्मिक कथा प्रवचन सुन्ने मानिसहरुको संख्या बढ्दो छ । विभिन्न पर्व, उत्सवहरुमा हुने भजन कृतनले गर्दा युवा पुस्तालाई समेत लोभ्याएको छ ।
- ➢ यस मन्दिरले समाजमा धेरै राम्रा सामाजिक र साँस्कृतिक प्रभाव पार्न सफल भएपनि यूवाहरु अन्तर आत्माबाटै मन्दिर प्रति सकरात्मक देखिँदैनन् ।

[७८] मिति २०६८ साल भाद्र १० गते समाजसेवी गंगा बहादुर अधिकारीबाट लिइएको अन्तरबार्ता ।

[७९] मिति २०६८ भाद्र १२ गते समाजसेवी कृष्णलाल पौडेलबाट लिइएको अन्तरवार्ता ।

कतिपय यूवाहरु ढुङ्गामा दुध चढाउँदैमा फूल अक्षता चढाउँदैमा मनोकांक्षा पुरा हुँदैन । धर्म पनि हुँदैन गरिब दीन दुःखीहरुको सेवा गरेमात्र धर्म हुन्छ भन्ने विश्वास गर्दछन् । महिलाहरुमा धर्मको नाममा आडम्बर गर्ने प्रचलन मौलाएको छ । पूजाआजा भड्किलो हुँदै गएको छ । कतिपय महिलाहरुलाई गहना र बस्त्र प्रदर्शन गर्ने स्थल समेत बनेको छ । यस कार्यले चोरी डकैटीलाई बढावा दिन सक्दछ । शिवजीको वुटी भन्दै गाँजा खाने प्रवृत्तिले यूवाहरुमा दुर्व्यसनी क्रमशः बढ्दै गएको पाइन्छ । यदाकदा देखिने यौनजन्य क्रियाकलापले समाजलाई विकृत बनाएको छ । बिना योजना गरिने विकास निर्माणको कार्यले मन्दिर क्षेत्रको सौन्दर्य बिगारेको छ ।

- गोप्यश्वर महादेव मन्दिरको प्रभाव मन्दिर वरपरका श्रदालु भक्तजनहरुमा परेको पाइन्छ । विशेष गरी ४० वर्षमाथि उमेर समूहका मानिसहरुमा शाहाकारी भोजन गर्नेहरुको संख्या बढ्दो छ । शिव भजन गाउने खैजडी मुजुरा बजाउने, नाचगान गर्ने कार्य यूवायूवतीहरुमा देखिन्छ । यी सबै क्रियाकलापका कारण धेरै मानिसहरुमा सकरात्मक साँस्कृतिक प्रभाव परेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.२ भक्तजनहरूको आगमन

- निर्मल पोखरी गा.वि.स. वडा नं. ८ शिवालयमा अवस्थित यस गोप्यश्वर महादेव मन्दिर निर्मलपोखरीबासीको मात्र पवित्र धार्मिक स्थल नभएर कृस्तिनाच्नेचौर गा.वि.स.को रातमाटा दोपहरे बासीहरूको समेतको धार्मिक आस्थाको केन्द्र हो । दैनिक जसो नै श्रद्धालु भक्तजनहरूको आगमन भए तापनि शिव भगवानको वार रूपमा प्रत्येक हप्ताको सोमवार विशेष पूजाआजा गरिन्छ ।[80] वर्षैभरि पूजाआजा हुने भए तापनि शिव मन्दिर भएकाले बलिपूजा निषेध गरिएको छ ।
- शिवरात्रीमा यस गा.वि.स. र छिमेकी गा.वि.स. का श्रद्धालु भक्तजनहरू घण्टौं लाइनमा बसी शिवजीलाई गाईको दूध चढाउँदछन् । यस दिन सामुहिक व्रतवन्ध कार्य समेत गरिन्छ । वेलुका मन्दिर परिसरमा नै शिव धुनी लगाउने एवं प्रसाद बाँड्ने कार्य गरिन्छ ।[81] कार्तिक महिनामा कार्तिक महात्मा पाठ गर्ने कार्य हुने हुँदा कार्तिक महात्मा सुन्न श्रद्धालु भक्तजनको ठूलो संख्यामा उपस्थिति रहन्छ । आकाशेद्वीप प्रज्वलन गर्ने कार्य समेत गरिन्छ । बालाचर्तुदशीका दिन आराध्यदेव

---

[80] मिति २०६८/०७/१५ गते समाजसेवी एवं मन्दिर व्यवस्थापन समितिका अध्यक्ष श्री काशीराम अधिकारीबाट लिइएको अन्तरवार्ता ।

[81] मिति २०६८/०७/१८ गते समाजसेवी एवं मन्दिर व्यवस्थापन समितिका सचिव श्री टीकाराम भट्टराईबाट लिइएको अन्तरवार्ता ।

पशुपतिनाथ जस्तै पवित्र मानी मन्दिर परिसरमा सद्वीज छर्ने कार्य समेत गरिन्छ ।[८२] यस मन्दिर प्रवेश गर्न कुनै जातीय विभेद छैन । सबै हिन्दुहरू विना रोकावट भगवानको पूजाआजा गर्न पाउँछन् । ५/७ वर्ष अगाडिसम्म कथित दलित जातिहरू मन्दिर प्रवेश गर्न हिच्किचाएको पाइन्थ्यो ।[८३] अहिले यो सबै जातजातिको साझा धार्मिक स्थल भएकोले पनि दर्शनार्थीहरूको बढी भीड लाग्दछ ।

## ५.३ धार्मिक प्रभाव

निश्चय नै मठ मन्दिरहरूको धार्मिक प्रभाव प्रबल हुन्छ । यस मामिलामा मन्दिरको प्रभावलाई नकार्न कदापि मिल्दैन ।"यहाँ प्रायः मानिसहरू धार्मिक आस्था बोकेर आउँछन् । जसले विशेषतः मानिसको चिन्तनमा प्रभावकारी भूमिका खेल्दछ ।"[८४] उहाँको भनाइ वस्तुपरक भेटिन्छ । मानिस बाहिर जति नै नास्तिक भेटिए तापनि मन्दिरको अगाडि धेरै थोरै झुकेको पाइन्छ । यस मन्दिरले स्थानीय र गैर स्थानीय मानिसहरूलाई अमिट छाप पारेको छ । यसले केही हद्सम्म पश्चात्य धार्मिक आस्था बोक्ने नेपालीहरूलाई आफ्नै मौलिक धर्म र संस्कृतिमा समाहित गर्न खोजे जस्तो भान हुन्छ । हिजो आजको परिवेशमा हेर्ने हो भने हामी नेपालीहरू गैर हिन्दु धर्मप्रति केही मात्रामा आकर्षित भएको पाउँछौं । जसको मुख्य कारण आर्थिक प्रलोभन र आफूलाई अरूभन्दा विकसित र सभ्य तुल्याउनु पनि रहेको छ । यस्तै अवस्था रहिरह्यो भने भविष्यमा हिन्दु धर्म भन्ने केवल किताबी शब्द मात्रै बन्न सक्छ । यसरी ग्रामीण क्षेत्रमा यस्ता धार्मिक स्थलको अवस्थितिले धार्मिक रीतिरिवाज जोगाउनमा ज्यादै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यहाँ विवाह, व्रतवन्ध एवं अन्य धार्मिक संस्कारहरू सम्पन्न गरिन्छ । पुजारी श्री खिमलाल पौडेलज्यूलाई उदधृत गर्ने हो भने विवाह बन्धनमा बाँधिनुलाई निश्चय नै मानिसहरूको जीवनको महत्वपूर्ण पक्षलाई धर्मसँग जोडेर हेर्ने गरिन्छ । तसर्थ यसले हिन्दु धार्मिक समाजमा ठूलो भूमिका निर्वाह गरेको कुरा मान्दा असान्दर्भिक ठहर्दैन ।

---

[८२] मिति २०६८/०७/२५ गते समाजसेवी एवं मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष श्री इश्वरी प्रसाद पोखरेलबाट लिइएको अन्तरवार्ता ।

[८३] मिति २०६८/०७/२६ गते समाजसेवी एवं मन्दिर व्यवस्थापन समितिका कोषाध्यक्ष श्री कुल प्रसाद पराजुलीबाट लिइएको अन्तरवार्ता ।

[८४] मिति २०६८/०७/२६ गते समाजसेवी श्री गंगा दत्त पराजुलीसँग लिइएको अन्तर्वार्ता

## ५.४ आर्थिक प्रभाव

अर्थ मानव जीवन निर्वाहको प्रमुख आधार हो । तसर्थ कुनै पक्षको अध्ययन गर्दा आर्थिक पक्ष्ँलाई छुट्याउन मिल्दैन । मन्दिरमा हुने धार्मिक क्रियाकलापले केही मानिसहरूको गुजारा चलेको छ । मन्दिर परिसरमा नै पूजा सामग्री बिक्री गर्नेहरू, चमेना गृहसमेत सञ्चालन गर्न सकेमा राम्रै कमाइ हुने देखिन्छ । त्यस्तै पुजारीको आम्दानीको सम्पूर्ण हिस्सा मन्दिरको दान दक्षिणा एवं भेटीले गर्दा पुजारी श्री खिमलाल पौडेल परिवारको खर्च चलेको छ । यतिमात्र नभएर यस मन्दिरका पुजारी परिवारको खानपिन सहित पूजा प्रसाद, धूपबत्ती आदिको व्यवस्था गर्न र कालान्तरसम्म मठ मन्दिरमा नित्य नैमित्रिक रूपमा पूजा-आजा, दान पेटिकामा रहेको खर्च, मन्दिरको जिर्णोद्धार एवं अन्य कार्यमा खर्च भएको देखिन्छ ।

व्यवस्थापन समितिको गुरुयोजना अनुसार दृश्य अवलोकन केन्द्र बनाउने लक्ष्य बनेको छ । यदि यो सफल भएमा पोखरा सहरको दृश्यावलोकन गर्न असंख्य मानिसहरू आउने टड्कारो सम्भावना देखिन्छ, धार्मिक आस्थाले आर्थिक क्रियाकलापमा राम्रै प्रभाव पर्ने देखिन्छ । जे जस्तो होस् अरू प्रचार-प्रसार गर्न सके स्थानीयबासीहरूले आफ्नो आय स्तर उकास्न सक्ने कुरा निर्विवाद छ ।

यस मन्दिरमा भक्तजनहरूको आगमनका कारणले यातायातका साधनहरू चल्ने क्रम बढेको छ जसले गर्दा यातायात मजदुरहरूको रोजीरोटी टरेको छ । मन्दिरको वरिपरि फलफूल, धुप आदि राखेर व्यापार गर्नेहरूको संख्या पनि बढेको छ । यस मन्दिर वरिपरि किराना पसल तथा स-साना होटल व्यवसायहरू समेत सञ्चालन भएका छन् । मन्दिर भएकै कारणले गर्दा धेरै मानिसहरूको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष आर्थिक टेवा मिलेको छ ।

## ५.५ वातावरणीय प्रभाव

वातIआवरण अर्थात् वायुको आवरण भन्ने शब्दबाट नै वातावरण बनेको हुनाले हाम्रो वरिपरिको वायु (हावा) को आवरण नै वातावरण हो । वायु भनेको रङ्ग तथा गन्धविहीन ग्याँस हो जुन अदृश्य र स्वादहीन हुन्छ । तर त्यसमा नाइट्रोजन (७८५), अक्सिजन (२०५), आर्गन (१५) र कार्वनडाइअक्साइड (०.४५) का साथै हिलियम, मिथेन, नियोन जस्ता ग्याँसहरू पनि रहेका हुन्छन् । सम्पूर्ण जीवजन्तुको जीवनलाई प्रभाव पर्ने वाहिरी आवरण नै वातावरण हो । वर्तमान परिवेशमा विश्वभरि नै यस्तो महत्त्वपूर्ण वातावरणमा विविध किसिमका परिवर्तनहरू देखा परिरहेका छन् । यस्तो समस्याको समाधान गर्न अल्पकालीन तथा दीर्घकालीन उपाय नै शिक्षँ हो । अर्थात् मानवलाई

आफ्नो वातावरणका बारेमा दिइने ज्ञान, चेतना, सोंचाइ, सीप, सहभागिता, सक्रियता आदि पक्षमा सुचित र दीक्षित गराउनु नै वातावरण शिक्षँ हो भन्न सकिन्छ ।[८५] यस बारेमा वातावरणविद्हरूले दिएका केही परिभाषाहरूको चर्चा तल गरिएको छ ।

- वातावणविद् आ.सी. शर्माका अनुसार - वातावरण शिक्षँ भनेको "भौतिक र साँस्कृतिक वातावरण सम्बन्धी चेतनासँग सम्बन्धित रहेको छ । मानवका वास्तविक जीवन सञ्चालन पक्षसँग सम्बन्धित वातावरणीय समस्याहरू, वातावरणीय मुद्धाहरूको परिचय, वातावरणीय असन्तुलनका कारण, दिगो विकासमा सघाउ, सुधार जस्ता पक्ष्ँलाई समावेश गरिन्छ ।"
- त्यस्तै गरी एस. मिश्रका अनुसार, "वातावरण शिक्षा भनेको त्यस्तो प्रक्रिया हो, जसले वातावरणमा सुधार ल्याउन मानवलाई आवश्यक पर्ने ज्ञान, सिप, चेतना, सोंचाइ आदिमा परिवर्तन ल्याउन सिकाइने प्रक्रिया र प्रतिवद्धतालाई जनाउँदछ ।"[८६]
- वातावरणमा कुनै पनि जीवको अस्तित्व उक्त जीवको एक्लो प्रयासले मात्र सम्भव हुँदैन । वातावरणमा विभिन्न तत्वहरूको अन्तरक्रियाले नै सबै जीवको स्थान सुरक्ष्ँत पार्दछ । वातावरणमा सबै जीव तथा तत्वको उत्तिकै महत्त्व हुन्छ । यही कुरालाई मनन गर्दै सन् १९९२ को जुन महिनाको ३ देखि १४ सम्म ब्राजिलको रियो द जेनेरियोमा भएको पृथ्वी शिखर सम्मेलन भएको थियो । रियो घोषणापत्रले वातावरण क्ष्ँत्रलाई संरक्षण गर्न जैविक तत्वहरूको रक्षा गर्न र पृथ्वीको पारिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्न २७ वटा सिद्धान्तहरू पारित गरेको छ ।[८७] बढ्दो औधोगिकीकरण विषादीको प्रयोग र अनविकरणीय उर्जाको अत्यधिक प्रयोगले वातावरण दुषित बनेको छ । जलवायु परिवर्तन एउटा वातावरणीय मुद्धा मात्रै नभई एउटा सामाजिक आर्थिक हुँदै हाल गम्भीर कुटनीतिको विषय बनेको छ ।[८८] यस मन्दिर वरिपरिको वातावरणले सबै श्रद्धालु भक्तजन एवं पर्यटकहरूलाई मन्त्रमुग्ध पार्दछ । मन्दिर परिसरमा रहेको वृक्षले मोटरमार्गले कटान गरेको भाग संरक्षण गर्न मद्दत पुऱ्याएको छ । मन्दिरको उत्तरतर्फको हरियाली वनजंगलले साँच्चिकै 'हरियो वन नेपालको धन' भन्ने कुरालाई चरितार्थ गर्दछ । दक्षिण पट्टिको सुन्तला वगैंचाले कसलाई नलोभ्याउँला र ? मन्दिर परिसर एवं वरपरको वातावरण कुनै खालको

---

८५ बरुवाल हुमबहादुर, हरिप्रसाद पोखेल, स्वास्थ्य तथा वातावरण विज्ञान शिक्षण (काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि., २०६८) पृ.१३६ ।

८६ ऐजन, पृ. १३७ ।

८७ सि.एन.पण्डित, स्वास्थ्य तथा वातावरण विज्ञान शिक्षण विधि (काठमाडौंः विदुर प्रकाशन, २०६६) पृ.१९० ।

८८ अर्जुन ढकाल, कान्तिपुर २०६८ मंसिर १३ मंगलवार

फोहोर मैला र दुषित वस्तुहरूबाट मुक्त छ । यस कारणले पनि यस मन्दिर क्षेत्र सबैको गन्तव्य स्थल बन्न सफल भएको छ । विभिन्न चिन्ता, दुःखबाट ग्रसित मानिसहरूलाई मन वहलाउने ठाउँ हो यो । वृद्धवृद्धाहरूलाई आनन्द लिने तथा समय काट्ने संगमस्थल समेत बन्न पुगेको छ ।

➢ यस मन्दिरमा हुने दैनिक पुजा आराधनाले गर्दा मन्दिर वरपरका मानिसहरूलाई सुख, शान्ति मिलेको छ । वृद्धवृद्धाका साथै युवायुवतीहरूमा समेत धार्मिक आस्था जागेको छ । शुभप्रभातमा बज्ने शंङ्ख घण्टको आवाजले सबैलाई मन्त्रमुग्ध पार्दछ । बेलाबेलामा हुने विशेष पुजा आराधना एवं धार्मिक प्रवचन सुन्ने मानिसहरूको घुँइचो नै लाग्ने गर्दछ । यस शिव मन्दिरको कारणले गर्दा आजको युगमा पनि आस्तिक मानिसहरूको संख्या बढ्दो छ । मन्दिरमा बालिने धुपद्धीपले गर्दा मन्दिर वरपरका मानिसहरूमा सुगन्ध फैलाएको छ । मानिसहरू शिव भगवान्प्रति आस्थावान् छन् । उनीहरूमा नैतिक र सत्चरित्रको विकास भएको छ । मानिसहरूका बोलीचाली, रहनसहन र आचरणमा धेरै परिवर्तन देख्न पाइन्छ । शिवगान, भजन, कृतन सुन्ने मानिसहरूको संख्या दिनानुदिन बढेको छ । वृद्धवृद्धाहरू यस मन्दिर परिसरमा आएर आपसी सुख दुःख साट्दै दिनचर्या बिताउने गर्दछन् । मन्दिर वरिपरिको फूल एवं सुगन्धले वातावरणलाई नै मन्त्रमुग्ध पारेको छ । यिनै वातावरणीय प्रभावका कारणले यो मन्दिर सबैको मन मस्तिष्कमा बस्न सकेको छ । यसकारणले पनि यो मन्दिरको संरक्षण र सम्बर्द्धन गर्ने भावना सबैको मनमा जागेको छ । मन्दिर वरिपरिको वातावरणलाई सफा र मनमोहक बनाउने कार्यमा धेरै मानिसहरू जुट्न थालेका छन् । यो मन्दिरका कारणले मानिसहरूमा शिव भगवान्को जस्तै लोक कल्याणकारी कार्यहरू गर्ने शुद्ध आचरणमा बस्ने आनीबानीको विकास भएको छ ।

परिच्छेद-छ

# निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

हाम्रो देश नेपाल बहुजाति, बहुधार्मिक, बहुभाषिक मुलुक हो । सोही अनुरूप नागरिकहरू र उनीहरूले निर्माण गरेका भिन्न धार्मिक सोंच र आस्था बोकेकाहरूको विभिन्न मठ-मन्दिर, पाटी-पौवा तथा ऐतिहासिक एवं धार्मिक धरोहर नेपाली समाजको विशेषता हुन् । यी सम्पूर्ण कुराहरूको संरक्षण र सम्बर्द्धन गर्नु सबैको दायित्व हो । मानिसका विचार, भावना र व्यवहारलाई समय र परिस्थितिले अवश्य प्रभाव पारेको हुन्छ । तर पनि हाम्रा परम्परागत सोंच, स्थल र वस्तुहरूको आफ्नै मूल्य छ । वास्तवमै ती अपार र गर्वयोग्य छन् । सायद ती देशको एक कुनामा भएपनि तिनको प्रचार आवश्यक हुन्छ । यहाँ 'श्री गोप्यश्वर महादेव मन्दिर' परिसरको ऐतिहासिक र सामाजिक महत्व झल्काउनुको अर्थ हिन्दु धर्मलाई मात्र जोड दिन खोजिएको चाहिँ अवश्य हैन ।

नेपाल धार्मिक सहिष्णुता बोकेको देश हो । जहाँ हिन्दु अलावा, बौद्ध, इस्लाम, ईसाई आदि धर्मावलम्बीहरूको उल्लेख्य र उत्साहवर्द्धक उपस्थिति देखिन्छ । यसको अर्थ जुनसुकै धर्म र सम्प्रंदायका किन नहुन्, यस्ता राष्ट्रिय, सामाजिक र धार्मिक धरोहरहरूको उचित संरक्षण हुनुपर्ने देखिन्छ ।

आज समग्र विश्व धार्मिक, सामाजिक र वैचारिक द्वन्द्वमा फँसेको छ । धार्मिक विचारहरूको मेल श्रेष्ठतम् उदाहरणको रूपमा नेपाललाई मान्नुपर्ने हुन्छ । तसर्थ आजका दिनमा कुनै धर्म वा सम्प्रदाय विशेषले भन्दा सिङ्गो नेपाली समुदायले यिनीहरूको महत्वलाई पहिचान गर्न आवश्यक देखिन्छ । यसरी नै गोप्यश्वर महादेव मन्दिर परिसरको विशेषतः निर्मल पोखरीबासीले विशेष चाख राख्नुपर्ने देखिन्छ । सोही कार्यको थालनी व्यवस्थापन समितिले विगतदेखि वर्तमानसम्म गरेर राम्रो काम गरेको छ ।

विकासको परिवर्तित परिभाषासँगै भौतिकवादले जरो गाड्दै छ । यही सभ्यतालाई पोखेली जनमानसले अंगालेको छ भन्दा असान्दर्भिक नहोला । तर पनि यस मन्दिर परिसरले मरुउद्यानको काम गरेको छ । यसले बढ्दो शहरीकरणका बिच आफ्नोपनलाई शालीन रूपमा जोगाएको तथ्य हाम्रा सामु छर्लङ्ग छ । यसले धार्मिक, सामाजिक, पर्यावरणीय तथा विविध पक्षहरूमा अत्यन्त राम्रो प्रभाव पारेको देखिन्छ । यदि धार्मिक पक्षलाई नियाल्ने हो

भने शैव सम्प्रदायका महादेवको प्रतीकको रूपमा खडा भएको छ । प्रायः मानिसहरूको आस्थालाई आफूभित्र समाहित गर्न सफल रहनुलाई सह्रानीय पक्ष मान्नुपर्दछ । आन्तरिक वाह्य धर्मावलम्वीहरूलाई आध्यात्मिकतातिर डोऱ्याइरहेको छ । जसले मानिसहरूमा धर्म संस्कृति तथा परम्परागत संरचना एवम् सोचलाई आफ्नो स्थानबाट टेवा पुऱ्याइरहेको देखिन्छ ।

वातावरणीय रूपमा यस क्षेत्रको प्रभावलाई उच्च मूल्यांकलन गर्न आवश्यक छ । वनजंङ्गल र अन्य वातावरणीय पक्षहरूको समुचित विकास गर्न खोजिएको देखिन्छ । तर पनि बढ्दो वातावरणीय प्रदूषणले भोली यस पक्षलाई असर नपार्ला भन्न सकिन्न । तसर्थ यस पक्षतर्फ चनाखो भई अगाडि बढ्नु पर्दछ । यस परिसरभित्र देखिएको फोहोर व्यवस्थापन अनावश्यक भीड र तडक भडक एवम् संस्कृति र परम्पराको नाममा हुने खराव आचारण तथा व्यवहारतर्फ चनाखो हुनै संचालक समिति तथा अन्य सम्बन्धित निकायहरू अगाडि बढेको देखिन्छ तर पनि यो पूर्ण चाहीँ छैन । बद्लिँदो समय र परिस्थिति अनुसार मन्दिरका नीति नियमलाई समायोजन गर्न सके सुनमा सुगन्ध हुने कुरा नकार्न सकिँदैन ।

सुन्दर शहर पोखराले हजारौँ पर्यटकलाई मोहित पारेको कुरा हाम्रा सामु नयाँ छैन । यस्तै क्रममा निर्मल पोखरीलाई पनि समाहित गर्न सकिन्छ । त्यसको लागि धार्मिक पर्यटकमा मात्र जोड नदिई पर्यावरणीय पर्यटनहरूमा पनि जोड दिन सकिन्छ भने कलात्मक मठ-मन्दिरहरूको सिर्जना गर्न सकिन्छ । जसले पोखरामा पाल्नुहने पर्यटकहरूको पोखरा बसाँइलाई लम्बाउन सकिन्छ । जसको परिणाम स्वरूप आर्थिक लाभ पनि हुने छ । यस मन्दिर परिसर भुगोलको हिसावले सानो भए तापनि धार्मिक र ऐतिहासिक हिसावले विशाल छ । यहाँबाट देखिने दृष्यले कसको मन नलोभ्याउला र ? यस मन्दिरबाट देखिने पोखरा उप महानगरपालिका र लेखनाथ नगरपालिकाका दृष्यले सबैलाई मोहनी लगाउँछ । त्यसको दक्षिणतर्फ देखिने गैरीस्वाँरा, पराजुली गाउँका सुन्तला वगानलाई सबैले मुक्त कण्ठले प्रशंसा गर्न बाध्य बनाउँदछ । यी दृश्यबाट यहाँ आन्तरिक र बाह्य पर्यटन प्रबर्द्धन गर्न सकिन्छ । जसबाट स्थानीय मानिसले आर्थिक लाभ लिन सक्दछन भने पर्यटकले भरपुर मनोरञ्जन लिन सक्दछन् । मन्दिरको नजिकै पार्क स्थापना गर्न सके सुनमा सुगन्ध थपिने थियो । यस्ता पक्षहरूमा सम्बन्धित निकाय विशेषत : सरकारी तथा गैरसरकारी संस्थाहरू मौन रहेको देखिन्छ । स्थानीय सरकारले पनि यस बारेमा आँखा चिम्लेर बस्न मिल्दैन भन्दा उपयुक्त होला नै ।

अर्को तर्फ मन्दिर क्षेत्रका संस्थापक तथा जग्गा धनी र गुठी एवं समिति सदस्यबिच कार्यगत एकता देखिनु व्यवहारिक तथा सकारात्मक पक्षको उदाहरण हो । फलतः यस्तो स्थिती मन्दिर क्षेत्रको विकासमा कोशेढुङ्गा सावित भएको छ । अतः सबैले आफ्नो व्यक्तिगत तथा समूहगत हितलाई त्यागेर मन्दिरको समग्र विकासमा जोड दिनुपर्दछ । साथै सम्बन्धित निकायले यसलाई प्राथमिकताका साथ हेर्नु पर्दछ । यस्तै एक धार्मिक स्थलको रूपमा विगतदेखि वर्तमानसम्म परिचित यस मन्दिरमा नियमित रूपमा पुजा आराधना व्यवस्थित गर्न र यसको प्रचार-प्रसारमा जोड दिने काममा समेत यहाँका स्थानीय जनसमुदायको प्रयास आवश्यक देखिन्छ । यसो भएमा अवश्य नै यस मन्दिर परिसरले एउटा गहकिलो नामका रूपमा परिचित हुने अवसर पाउने छ ।

अबको धार्मिक सोंच विगतमा भन्दा परिष्कृत हुनुपर्दछ । नेपाल विगतदेखि वर्तमानसम्म धार्मिक सहिष्णुताले परिचित छ । यसलाई अगाडि बढाउनको लागि मन्दिरसँग सम्बन्धित पक्षहरूले पहल गर्नुपर्दछ । हामीलाई थाहा नै छ, नेपाल आज विभिन्न धार्मिक र सामुदायिक विविधताको साझा थलो बनेको छ । यस पक्षलाई हामी सबैले गम्भीरताका साथ अगाडि बढाउनु पर्दछ ।

अन्त्यमा यस मन्दिरको ठूलो धार्मिक, सामाजिक एवम् वातावरणीय प्रभाव रहेको छ । हामी सर्वप्रथमतः सकारात्मक सोचका साथ अगाडि बढनु पर्दछ । यसबाट समाजले सक्दो फाइदा प्राप्त गर्न सक्ने छ । यस धार्मिक स्थलले आफ्नो परम्परागत परिचयका साथ सान्दर्भिक एवम् समयसापेक्ष नयाँ परिचय प्राप्त गर्न सक्ने विश्वास राख्न सकिन्छ ।

## ६.२ सुझावहरू

नेपाली समाज धार्मिक सहिष्णुता तथा जातीय सह-अस्तित्व सम्मानित रहेको विश्वमै एउटा अनुपम उदाहरणीय समाज हो । यसको मुख्य श्रेय यहाँको प्राकृतिक तथा मठ-मन्दिरहरूलाई जान्छ । तसर्थ देशका विभिन्न स्थानमा छरिएका असंख्य मठ मन्दिर, पाटी पौवा, देवालय, गुम्बा, बिहार, चौतारा, नदीकिनार एवं तिर्थ स्थलहरू यो देशको संस्कार एवं सस्कृतिका अमूल्य निधि भएकाले यिनीहरूको निरन्तर संचालन र संरक्षण गर्नु पर्दछ । तर यहाँ रहेका सबै मठ-मन्दिरहरू स्वदेशी तथा विदेशी पर्यटकहरूमा परिचित नहुनु एउटा दुःखको कुरा हो । यसको मुख्य जिम्मेवार पक्ष सरकारी तथा गैरसरकारी निकायका विभिन्न सघंसंस्था तथा यस मन्दिर क्षेत्रसँग सम्बन्धित समिति तथा स्थानीय जनसमुदाय

रहेको कुरा यस अध्ययनको क्रममा पाइयो । यही तितो सत्य यस मन्दिर क्षेत्रको सवालमा पनि रहेको पाइएको छ । तसर्थ यस अध्ययनको क्रममा पाएका अनुभवका आधारमा यसका संरक्षण तथा विकासका लागि निम्न सुझावहरूलाई प्रस्तुत गर्न आवश्यक ठान्दछु ।

१. मन्दिरसँग आबद्ध गुठी समिति र यसका निर्माणकर्ता एवम् जन्मदाता बिच राम्रो समझदारी भएकोले आगामी दिनमा पनि हातेमालो गरेर यसको विकास निर्माणमा लाग्नुपर्ने देखिन्छ ।

२. पोखरा पर्यटन बोर्ड तथा यस क्षेत्रसँग सम्बन्धित अन्य स्थानीय तथा क्षेत्रीय निकायले यस मन्दिर र धार्मिक स्थललाई आर्थिक र प्राविधिक सहयोग दिई विशेष प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

३. यस मन्दिर परिसरको अध्ययनका क्रममा सकारात्मक तथा नकारात्मक दुवै पक्षहरू फेला परे, त्यसैले सकारात्मक पक्षलाई आगामी दिनहरूमा निरन्तरता दिनुपर्छ भन्ने नकारात्मक पक्षहरूलाई अध्ययन गरी यसमा परिवर्तन र सुधार ल्याउनु आवश्यक देखिन्छ ।

४. मन्दिर वरपरको जमिन मोटरमार्ग निर्माणको क्रममा साँघुरिदै गएको र पहिरोको समेत जोखिम भएकोले यसको संरक्षण गर्न आजैदेखि लाग्नु पर्ने देखिन्छ ।

५. यो क्षेत्र धार्मिक दुष्टिले मात्र नभई वातावरणीय दृष्टिले समेत महत्त्वपूर्ण हँदाहुँदै पनि यसले पर्यटनको क्षेत्रमा त्यति सफलता पाउन सकेको छैन । त्यसैले यस क्षेत्रलाई पर्यटकीय स्थल बनाउनका लागि स्थानीय जनसमुदाय तथा अन्य निकायका सम्बन्धित सबै पक्षहरू यसको प्रचार प्रसारमा लाग्नुपर्ने देखिन्छ ।

६. आन्तरिक तथा बाह्य पर्यटकहरूलाई बढीभन्दा बढी आकर्षण गर्नका लागि यस स्थलबाट पोखरा वरिपरिका डाँडा तथा सुन्दर एवम् मनोरम स्थलहरको दृश्य देखिने गरी व्यवस्थित पोखरा दृश्यावलोकन केन्द्र बनाई स्थानीय नगरबासी एवम् आन्तरिक र बाह्य पर्यटकहरूलाई सुविधा दिनुपर्ने देखिन्छ ।

७. धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाहरूप्रति जनचासो निरन्तररूपमा राख्ने बनाउनका लागि जन सहभागिताको भावना अभिवृद्धि गराउन यी सम्प्रदायहरूप्रति जनचासो र आध्यात्मिकताको भावनाको प्रचार प्रसारको कार्यक्रम संचलन गनुपर्दछ ।

८. यस मन्दिर स्थलमा विभिन्न प्रकारको भाकल गरी देवताको नाममा परेवाहरू ल्याई चढाउने चलन अति राम्रो देखिन्छ तर ती परेवाहरूलाई व्यवस्थित रूपमा बसाउने तथा तिनीहरूको रेखदेख एवं संरक्षणप्रति समितिको विशेष ध्यानाकर्षण गराउनुपर्ने आवश्यकता देखिन्छ ।

९. यस क्षेत्रको वरिपरिको वातावरणलाई बिग्रन नदिनका निम्ति भोज भतेर र अन्य मनोरञ्जनात्मक कार्यहरू सोही ठाउँमा नराखी मन्दिरभन्दा तलको ठाउँमा निर्माण गर्दा सुनमा सुगन्ध जस्तै देखिन्छ ।

१०. मन्दिर परिसरमा बृद्धाश्रम बनाई वृद्धवृद्धाहरूलाई कथा प्रवचन सुनाउने व्यवस्था गर्न सके उनीहरूको आत्मसन्तुष्टिमा महत्त्वपूर्ण योगदान गरेको ठहरिन्थ्यो । यी सुझावहरूलाई अवलम्वन गरी अघि बढ्न सकेमा श्री गोप्यश्वर महादेव परिसरको उज्ज्वल भविष्य बन्न गई पर्यावरण सन्तुलन तथा पर्यटन विकासमा ठूलो टेवा पुग्नेछ ।

# सन्दर्भ सूचि

## नेपाली खण्ड


आचार्य, बाबुराम (२०२४) *श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग-१* काठमाडौंः श्री ५ महाराजधिराजको प्रेस सचिवालय ।

कास्की जिल्ला पार्श्वचित्र २०६७, जि.वि.स. कास्की ।

गुरुङ्ग, अमृता (२०६४) *श्री भद्रकाली मन्दिरको सामाजिक सांस्कृतिक पर्यावरण सम्बन्धि ऐतिहासिक अध्ययन (शोध पत्र),* त्रि.वि.वि. इतिहास तथा संस्कृति विभाग ।

गुरुङ्ग, जगमान (२०६७) *गण्डकी प्रस्रव क्षेत्रका सांस्कृतिक सम्पदा,* काठमाण्डौं : पश्चिमाञ्चल विकास मञ्च ।

गोप्यश्वर महादेव मन्दिर र गुठी संरक्षण तथा व्यवस्थापन समितिको विधान २०६३ ।

ढकाल, पुरुषोत्तम (२०६२) *मन्दिरै मन्दिरको देश नेपाल,* ललितपुर : त्रिवेणी छापाखाना ।

निर्मल पोखरीको संक्षिँप्त वस्तुस्थिति २०६७ निर्मल पोखरी गा.वि.स., कास्की ।

निर्मल पोखरी वार्षिक स्मारिका २०६३ निर्मल पोखरी सेवा समाज, काठमाडौं २०६३ ।

निरौला, खगेन्द्र (२०६८) *नेपाल परिचय,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

पाण्डे, रामकुमार (२०६०) *नेपाल परिचय,* काठमाडौं, भुँडीपुराण प्रकाशन ।

पण्डित, सि.एन. (२०६६) *स्वास्थ्य तथा वातावरण विज्ञान शिक्षण विधि* काठमाडौंः विदुर प्रकाशन ।

बरुवाल, हुम बहादुर र हरि प्रसाद पोखरेल (२०६६) *स्वास्थ्य तथा वातावरण शिक्षण,* काठमाडौं : पिनाकल प्रकाशन ।

*मेचीदेखि महाकालीसम्म भाग-३* (२०३१) काठमाडौं श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग ।

राणा, निर्मल शम्शेर (२०३५) *गुठीपति आर्थिक, सामाजिक, धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सर्भेक्षण,* काठमाडौंः गुठी संस्थान ।

रेग्मी, जगदिशचन्द्र (२०६३) *नेपालको धार्मिक इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, ऋषिराम (२०६३) *नेपाली राष्ट्रिय चाडपर्व*, काठमाडौंः रत्न पुस्तक भण्डार ।

शर्मा, देवी प्रसाद (२०५९) *आधुनिक नेपाली इतिहास* काठमाडौंः रत्न पुस्तक भण्डार ।

सुवेदी, राजाराम (२०६०) *कास्की राज्यको इतिहास,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजाराम (२०६५) *गण्डकी सामाजिक गुठी स्मारिका,* काठमाडौं : गण्डकी सामाजिक गुठी ।

स्मारिका पृथ्वीजयन्ती-२०५८ नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

क्षेत्री, गणेश र रामचन्द्र रायमाझी (२०६०) *नेपालको इतिहास,* काठमाडौंः एसीया पब्लिकेसन ।

क्षेत्री, गणेश प्रसाद र सोमप्रसाद खतिवडा (२०५४) *हिन्दु समाज र धर्म,* विराटनगरः शिवा प्रकाशित ।

क्षैंत्री, दिल बहादुर (२०५७) *सिद्ध शक्ति पीठ, श्री विन्ध्यावासिनी तथा पोखराका केही मठ मन्दिर,* पोखराः विन्ध्यावासिनी धार्मिक क्षैंत्र विकास समिति ।

अंग्रेजी खण्ड

Adhikari, Jagnnath David Seddon (2002) Pokhara, Biography of a town, Kantipath, *Mandala Book Point*,

Lamchhane, Devendra, (2054) Histo to Genesis of Kaski a Histo Geographical imperative vol. 3 year 3, Prithivi Narayan Campus, Pokhara

Shrestha Bisho, Dil Bahadur kshetry, (2008) *Pokhara valley*, Pokhara; Gagan Shrestha, Parbati Kshetry and Ravi Sigdel.

**पत्रपत्रिका**


१)	आदर्श समाज राष्ट्रिय दैनिक, २३ वैशाख २०६८

२)	कान्तिपुर राष्ट्रिय दैनिक, १३ मंसिर २०६८

# परिशिष्ट 'क'

**अन्तरवार्ता लिइएका व्यक्तिहरूः**

| | | |
|---|---|---|
| ज्ञ। | श्री इश्वरी प्रसाद पोखरेल | निर्मलपोखरी-६, कास्की |
| द्द। | श्री काशीराम अधिकारी | निर्मलपोखरी-९, कास्की |
| घ। | श्री कुल प्रसाद पराजुली | निर्मलपोखरी-९, कास्की |
| ढ्ढ। | श्री कृष्ण बहादुर वि.क. | निर्मलपोखरी-१, कास्की |
| छ्। | श्री कृष्ण बहादुर थापा | निर्मलपोखरी-३, कास्की |
| ट। | श्री कृष्णलाल पौडेल | निर्मलपोखरी-९, कास्की |
| ठ। | श्री खड्क बहादुर नेपाली | निर्मलपोखरी-१, कास्की |
| ड। | श्री खिमलाल पौडेल | निर्मलपोखरी-८, कास्की |
| ढ। | श्री गंगादत्त पराजुली | निर्मलपोखरी-९, कास्की |
| ज्ञण्। | श्री जगन्नाथ पौडेल | निर्मलपोखरी-९, कास्की |
| ज्ञज्ञ। | श्री टीकाराम भट्टराई | निर्मलपोखरी-९, कास्की |
| ज्ञद्द। | श्री नवराज पराजुली | निर्मलपोखरी-९, कास्की |
| ज्ञघ। | श्री नारायणप्रसाद अधिकारी | स्याङ्जा (हाल पि.एन. क्याम्पस) |
| ज्ञढ्ढ। | श्री नेत्रप्रसाद पोखेल | निर्मलपोखरी-७, कास्की |
| ज्ञछ्। | श्री पुष्पराज पौडेल | निर्मलपोखरी-८, कास्की |
| ज्ञट। | श्री मान बहादुर वि.क. | निर्मलपोखरी-२, कास्की |
| ज्ञठ। | श्री मुक्तिनाथ पौडेल | निर्मलपोखरी-८, कास्की |
| ज्ञड। | श्री रुद्रनाथ पराजुली | निर्मलपोखरी-९, कास्की |
| ज्ञढ। | श्री लिला प्रसाद पराजुली | निर्मलपोखरी-९, कास्की |
| द्दण्। | श्री हुमनाथ अधिकारी | निर्मलपोखरी-६, कास्की |
| द्दज्ञ। | श्री हुम बहादुर आले | निर्मलपोखरी-४, कास्की |
| द्दद्द। | श्री समन्त गिरी | निर्मलपोखरी-५, कास्की |
| द्दघ। | श्री शर्मिला भट्टराई | निर्मलपोखरी-५, कास्की |
| द्दढ्ढ। | श्री शिवदत्त अधिकारी | निर्मलपोखरी-६, कास्की |

# परिशिष्ट 'ख'

## अन्तरवार्ताका लागि सोधिएका खुल्ला प्रश्नहरु

कास्की जिल्ला निर्मल पोखरी गा.वि.स. स्थित श्री गोप्यश्वर महादेव मन्दिर (शिवालय) को सामाजिक तथा सांस्कृतिक प्रभाव सम्बन्धी ऐतिहासिक अध्ययन नामक शोधपत्र तयार गर्नका लागि यस मन्दिरसँग सरोकार राख्ने महानुभावहरूलाई तपसिल बमोजिमका प्रश्नहरू सोधिएका थिए ।

१. तपाईंको घर कहाँ हो ?
२. तपाईं कति वर्षको हुनुभयो ?
३. तपाईं कुन धर्म मान्नुहुन्छ ?
४. तपाईंको वडामा कुन-कुन धर्म मान्ने मानिसहरू छन् ?
५. तपाईंको वडामा कुन धर्म मान्ने मानिसहरूको बाहुल्यता छ ?
६. गोप्यश्वर महादेव मन्दिर कसले स्थापना गऱ्यो ?
७. यो मन्दिर कति सालमा स्थापना भएको हो ?
८. यस मन्दिरको नाम किन गोप्यश्वर महादेव मन्दिर राखियो ?
९. यस मन्दिरका पुजारीहरू को को थिए ?
१०. हाल यस मन्दिरमा नित्यपुजा प्रक्रिया कस्तो छ ?
११. यस मन्दिरमा कहिले कहिले विशेष पुजा गरिन्छ ?
१२. पुजारीलाई दिइने सेवा सुविधा के-के छन् ?
१३. यस मन्दिर जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ कि छैन ?
१४. यस मन्दिर संचालक समितिका पदाधिकारीहरू को को हुनुहुन्छ ?
१५. यस मन्दिरको आम्दानीका स्रोतहरू के के हुन् ?
१६. मन्दिरका नाममा जग्गा छ/छैन ? छ भने कति छ र कहाँ कहाँ छ ?
१७. यस मन्दिरका गुरुयोजना तयार पार्नु भएको छ ?
१८. शिव भगवान्लाई हामी किन पुजा गर्दछौं ?
१९. शिव भगवान्लाई पुजा गर्नाले के उपलब्धि हुन्छ ?
२०. कुन कुन पर्वमा शिव भगवान्को विशेष पुजा गरिन्छ ?

२१. किन शिव भगवान्लाई आयुर्वेदका प्रवर्दक मानिन्छ ?

२२. शिव भगवान्ले दाम्पत्य जीवन कसरी शुरुवात गरे ?